**स्वस्थ रहन: जीवनशैली परिवर्तन गरौं**

असन्तुलित खानपिन तथा जीवनशैलीका कारण विभिन्न रोगहरु लाग्न सक्छन् ।

त्यसैले,

- स्वस्थ र सन्तुलित खाना खाऔं,
- शारीरिक क्रियाकलाप तथा नियमित व्यायाम गरौं,
- मदिरा तथा सुर्तिजन्य पदार्थको उपभोग नगरौं,
- प्रशस्त मात्रामा पानी पिउने गरौं,
- तनाव व्यवस्थापन गरौं ।



नेपाल सरकार
विज्ञापन बोर्ड



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१


# मजदुर

## The Worker Daily दैनिक


Website : www.onlinemajdoor.com



'मजदुर' दैनिक पत्रिका नियमित पढ्ने गरौँ ।
नयाँ ग्राहक बन्न चाहनुहुने महानुभावहरूले मो.नं. ९८०३६८७३२३ मा सम्पर्क राखी थप जानकारी प्राप्त गर्न सकिनेछ ।

मजदुर The Worker Daily दैनिक



★ वर्ष : २८ ★ अङ्क : २७० ★ ने. सं. ११४६ कौला थ्व, नवमी ★ मङ्गलबार ★ ३ कार्तिक, २०८३ ★ October 20, 2026, Tuesday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८




साम्राज्यवाद मुर्दावाद सङ्घ (डाउन-विथ-इम्पेरियलिज्म युनियन) स्थापनाको शत वार्षिकीको अवसरमा अक्टोबर १८, २०२६ को दिन प्रजातान्त्रिक जनगणतन्त्र कोरियाको माउन्ट तायसोङस्थित क्रान्तिकारी सहिद स्मारकमा माल्यार्पण गर्न जाँदै सेना तथा सरकारी अधिकारीहरू । उक्त सङ्गठनको स्थापना महान् नेता किम इल सङको नेतृत्वमा कोरियालाई जापानी साम्राज्यवादी कब्जाबाट मुक्त गर्ने लक्ष्यका साथ भएको थियो । माल्यार्पण कार्यक्रममा कोरियाली मजदुर पार्टीको केन्द्रीय समितिको राजनीतिक ब्युरोका अध्यक्ष मण्डलका सदस्य तथा प्रजग कोरियाको मन्त्रिपरिषद्का प्रधानमन्त्री पाक थाइ सोङ, पार्टी र सरकारका अन्य वरिष्ठ अधिकारी, कोमपा केन्द्रीय समितिका पदाधिकारी, मन्त्रालयका प्रमुख पदाधिकारी, राष्ट्रिय संस्था, प्योङयाङ जिल्ला समिति र प्योङयाङ महानगर समितिका प्रमुखहरूको उपस्थिति रहेको थियो । *तस्बिर : केसिएनए*

# पुटिनद्वारा ट्रम्प र सीसँग त्रिपक्षीय वार्ताको प्रस्ताव

मस्को, १९ अक्टोबर (एएनआई) । रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले युक्रेन युद्ध अन्त्यका लागि छलफल गर्न आगामी महिना अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र चिनियाँ राष्ट्रपति सी चिनफिङसँग त्रिपक्षीय शिखर सम्मेलन गर्ने प्रस्ताव गरेका छन् । प्रस्तावित वार्तामा युक्रेन र अमेरिकाका युरोपेली सहयोगीको प्रतिनिधित्व नहुने सम्भावनाले चासो बढाएको छ ।

द वाल स्ट्रिट जर्नलका अनुसार पुटिनले अक्टोबर ९ मा ट्रम्पसँगको टेलिफोन वार्ताका क्रममा प्रस्ताव अघि सार्नुभएको थियो । क्रेमलिनका प्रवक्ता दिमित्री पेस्कोभले बैठकबारे छलफल भइरहेको पुष्टि गर्दै मिति र कार्यसूचीमा भने सहमति भइनसकेको बताउनुभएको छ । अमेरिकी अधिकारीका अनुसार ट्रम्पले पनि सम्मेलनमा औपचारिक सहमति जनाइसकेका छैनन् ।

क्रेमलिनले नोभेम्बर १८ र १९ मा चीनको सेन्जेनमा हुने एसिया-प्रशान्त आर्थिक सहयोग (एपेक) शिखर सम्मेलनको अवसरमा वार्ता आयोजना गर्न सुझाव दिएको स्रोतहरूले बताएका छन् । रुसी कूटनीतिज्ञहरूले चिनियाँ अधिकारीसमक्ष प्रस्ताव राखेको र ट्रम्प सहभागी भए चीनलाई आपत्ति नहुने सङ्केत पाएको जनाइएको छ ।

यसैबिच, ट्रम्पले आइतबार रुस-युक्रेन युद्ध अन्त्यका लागि वार्तामा 'ठूलो प्रगति' भइरहेको दाबी गरेका छन् । उनले युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्कीलाई दुई वर्षअघि राम्रो सम्झौता गर्न असफल भएको आरोप लगाउँदै रुसलाई वार्ताको टेबलबाट टाढा राख्न नहुने बताए । ट्रुथ सोसलमा उनले आफूले चाहेको समयमा वार्तासम्बन्धी दस्ताबेजमा हस्ताक्षर गर्न सक्ने उल्लेख गरेका छन् ।


*बाँकी पृष्ठ ८ मा*


# कार्की आयोगको प्रतिवेदनको सार सङ्क्षेप - १४९

**गृहसचिवसमेत ४ जनाउपर फौ.सं १८२ बमोजिम कारबाही सिफारिश**

निम्न चारजना पदाधिकारीहरूको हकमा विचार गर्नुपर्ने हुन आयो :

१ तत्कालीन गृहसचिव गोकर्णमणि दुवाडी

२ सशस्त्र बल नेपालका महानिरीक्षक राजु अर्याल

३ तत्कालीन प्रमुख हुतराज थापा, राष्ट्रिय अनुसन्धान विभाग

४ तत्कालीन प्रजिअ छविलाल रिजाल, जिल्ला प्रशासन कार्यालय काठमाडौँ

प्रत्येक पदाधिकारीको ओहदाअनुसारको जिम्मेवारी, दायित्व, सम्पादन गरेको कार्यसमेतको आधारमा पद र जिम्मेवारीअनुसार जवाफदेही हुनुपर्ने स्थिति देखिन आयो । उनीहरूले गरेको हेलचेक्राइँ (Negligence) बाट ज्यान मार्ने मराउने कार्यमा संलग्न रहेको देखिन आयो । प्रदर्शनकारी र प्रहरीबिचको भिडन्त हुँदा गोली फायर रोक्न लगाएर शान्ति र व्यवस्था कायम गराउन सक्ने शासकीय अधिकारको उचित प्रयोगप्रति उदासीन रहेर अप्रत्यक्ष रूपमा प्रहरीको बल प्रयोगलाई समर्थन गरेको देखियो । २३ गते गोली प्रहारबाट केहीको मृत्यु भइसकेपछि पनि गोली रोक्न अग्रसर नभएकोले शान्ति कायम गराउनेतिर कुनै पनि पदाधिकारीहरू लागेको देखिन आएन ।

मुलुकी अपराधसंहिता, २०७४ को दफा १८२ मा हेलचेक्राइँ गरी दफा १७९ को अवस्थामा बाहेक ज्यान मार्न नहुने प्रावधान रहेको छ । दफा १७९ मा गम्भीर उत्तेजना वा रीसको आवेशबाट ज्यान लिन नहुने भन्ने रहेकोमा भदौ २३ गते संसद् भवन परिसर क्षेत्रमा प्रहरी कारबाही हुँदा गम्भीर आवेश वा रिसको आवेगमा भएको भन्ने देखिन आएन ।

अत: माथि उल्लिखित पदाधिकारीहरूकै हेलचेक्राइँको कारण किशोर किशोरीहरूको समेत ज्यान मर्न मराउन गएकोमा यी पदाधिकारीमाथि मुलुकी अपराधसंहिता, २०७४ को दफा १८२ को उपदफा (१) अनुसार कानुनबमोजिम अनुसन्धान तहकिकात गरी गराई अभियोजन गर्न गराउन नेपाल सरकारलाई सिफारिश गर्ने ठहर्छ ।

अतिरिक्त प्रहरी महानिरीक्षक एवम् हालका प्रहरी महानिरीक्षक दानबहादुर कार्कीको सम्बन्धमा ।

२०८२ भदौ २३ गते निज प्रहरी प्रधान कार्यालय मानव स्रोत विकास विभागमा एआइजी रहनुभएको हो । भदौ २३ गतेको घटनापछि राति बसेको मन्त्रिपरिषद्को बैठकले काठमाडौँ उपत्यका प्रहरी कार्यालयको रिक्त एआइजीमा सरुवा गरेको ।

भदौ २४ गते बिहान ९ बजे मेट्रो प्रहरी कार्यालयमा हाजिर भएपछि गृहमन्त्रालयमा बोलाएपछि त्यहीँ पुगेर


*बाँकी पृष्ठ २ मा*


# साहित्यले जनतालाई राजनैतिक चेतना जगाउन हतियारको काम गर्ने

दैलेख, २ कार्तिक । पञ्चकोसी साहित्य समाज दैलेखको आयोजनामा असोज ३१ गते विजया दशमी तथा दीपावलीको शुभकामना आदानप्रदान कार्यक्रम चामुण्डा बिन्द्रासैनीको जम्बुकाँध बजारमा सम्पन्न भयो ।

पञ्चकोसी साहित्य समाज दैलेखका कोषाध्यक्ष धनकुमारी शाहीको अध्यक्षतामा सम्पन्न भएको उक्त कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य जग्यबहादुर शाहीले प्रगतिशील साहित्यलाई अगाडि बढाउनुपर्ने आवश्यकता औँल्याउँदै दसैं तिहारमा साहित्यिक कार्यक्रमहरू अगाडि बढाउनु राम्रो हो भन्नुभयो । साहित्यले जनतालाई राजनैतिक चेतना जगाउन हतियारको काम गर्ने चर्चा गर्दै उहाँले साहित्य समाजले कार्तिक ७ गते गर्ने कार्यक्रममा सहभागी हुन आग्रह गर्नुभयो ।

कार्यक्रममा केसेन्द्रप्रकाश कार्कीले पञ्चकोसी साहित्य समाजले विकृति र विसङ्गति अन्त्य गर्नुपर्ने आवश्यकता औँल्याउँदै समाजमा दबिएर रहेका कला र साहित्यलाई उत्साहित गर्नुपर्छ भन्नुभयो ।

चामुण्डा विन्द्रासैनी नगरपालिका वडा ३ का पूर्ववडा अध्यक्ष निरकबहादुर शाहीले 'किन ढोगे विदेशीलाई' भन्ने शीर्षकको कविता वाचन गर्दै समाजले आफ्ना गतिविधिलाई तिव्रता दिनुपर्छ भन्नुभयो ।

चामुण्डा कलेजका सहायक क्याम्पस प्रमुख नगेन्द्र कार्कीले हुँदा खानेहरूको पक्षमा साहित्यले आवाज उठाउनुपर्छ भन्दै चाड पर्व पनि वर्गीय हुने चर्चा गर्नुभयो ।

जयदेव मा.वि.का प्रधानाध्यापक तिलकप्रसाद शर्माले पञ्चकोसी साहित्य समाजको साहित्यिक यात्राले निरन्तरता पाओस् भन्नुभयो । भैरव मा.वि. डौसुरका सहायक प्रधानाध्यापक हर्कबहादुर शाहीले प्रगतिशील साहित्यलाई जोड दिनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

पञ्चकोसी साहित्य समाजले आयोजना गरेको उक्त कार्यक्रममा खगेन्द्रबहादुर शाहीले आफ्नो कला,


*बाँकी पृष्ठ २ मा*



**हार्दिक शुभकामना**

विजया दशमी, शुभ दीपावली २०८३,
नेपाल संवत् ११४७ तथा छठ पर्व को पावन अवसरमा
समस्त ग्राहक महानुभाव, नेपाली दाजुभाइ,
दिदीबहिनी, शुभेच्छुक एवं शुभचिन्तकहरूमा सुख,
शान्ति तथा समृद्धिको कामनासहित
हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछ ।

**ग्रील दरबार रेस्टुरेन्ट एन्ड बार**
जगाती, भक्तपुर
फोन.नं.: ०१-६६१०३९३, ९७४४४७२५९१


**व्यङ्ग्यचित्र कुनो**





प्रभात इङलिस सेकेन्डरी स्कूल, एसईई २०७६ समूहका विद्यार्थीहरूको आयोजनामा आइतबार भएको पेसाकप फूटसल प्रतियोगिता। ***तस्बिर :*** *मजदुर दैनिक*

## कोप–३१ मा नेपालको प्राथमिकता

# जलवायु न्याय, अनुकूलन र हानि–नोक्सानी

काठमाडौँ, २ कार्तिक। नेपालले जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धिका पक्ष राष्ट्रहरूको ३१ औँ सम्मेलन (कोप-३१) मा जलवायु न्याय, हिमाली क्षेत्रको संरक्षण, जलवायु अनुकूलन र जलवायुजन्य हानि-नोक्सानीका विषयलाई प्राथमिकताका साथ उठाउने भएको छ ।

कोप-३१ यही कार्तिक २३ देखि आगामी मङ्सिर ४ गतेसम्म टर्किएको अन्ताल्यामा हुँदैछ । जलवायु परिवर्तनमा नेपालको योगदान न्यून भए पनि त्यसको असरबाट मुलुकले भोग्नुपरेका जोखिम र क्षतिलाई अन्तर्राष्ट्रिय समुदायसमक्ष प्रस्तुत गर्दै जलवायु न्यायका पक्षमा पैरवी गर्ने तयारी भइरहेको वन तथा वातावरण मन्त्रालयले जनाएको छ ।

जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रमा जोखिम बढ्दै गएको र पछिल्ला विपद्का घटनाले यस क्षेत्रको संवेदनशीलता उजागर गरेको मन्त्रालयका सचिव राजेन्द्रप्रसाद मिश्रले बताउनुभयो। नेपालले हिमाली क्षेत्रको संरक्षण र जोखिममा रहेका समुदायले भोगिरहेको क्षतितर्फ अन्तर्राष्ट्रिय समुदायको ध्यान केन्द्रित गराउने उहाँले बताउनुभयो ।

कोप-३१ मा नेपालको प्रतिनिधिमण्डललाई व्यवस्थित, प्रभावकारी र समावेशी बनाउने तयारी भइरहेको उहाँले जानकारी दिनुभयो। “प्रतिनिधिमण्डल व्यवस्थित, प्रभावकारी र समावेशी होस् भन्ने हाम्रो चाहना छ । सबै सरोकारवाला मन्त्रालयका प्रतिनिधि तथा नागरिक समाजलाई समेटेर प्रभावकारी प्रतिनिधिमण्डल बनाउने विषयमा छलफल भइरहेको छ,” सचिव मिश्रले भन्नुभयो ।

नेपालले परराष्ट्रमन्त्री शिशिर खनालको नेतृत्वमा सम्मेलनमा सहभागिता जनाउने तयारी गरेको छ । वन तथा वातावरणमन्त्री गीता चौधरी पनि सम्मेलनमा सहभागी हुनुहुनेछ । नेपालले विगतदेखि नै कोप सम्मेलनमा हिमाली क्षेत्र जलवायु परिवर्तनको उच्च जोखिममा रहेको विषय उठाउँदै आएको छ । पछिल्ला विपद्का घटनाले यस क्षेत्रको संवेदनशीलता र जोखिमलाई थप उजागर गरेको सचिव मिश्रले बताउनुभयो ।

“हिमाली क्षेत्र जलवायु परिवर्तनका कारण उच्च जोखिममा रहेको विषयलाई हामीले पहिलेदेखि उठाउँदै आएका छौँ । पछिल्ला विपद्का घटनाले यस क्षेत्रलाई फरक दृष्टिकोणबाट हेर्नुपर्ने आवश्यकता पुष्टि गरेका छन्,” उहाँले भन्नुभयो, “हिमाली क्षेत्रको जोखिम, जलवायु अनुकूलन, हानि तथा नोक्सानी र जलवायु न्यायका विषयलाई प्रभावकारी कार्यान्वयन संयन्त्रसँग जोड्नुपर्ने हाम्रो प्रयास छ ।”

कोप-३१ को तयारीलाई अन्तिम रूप दिन सरकारले कार्तिक १२ गते विभिन्न विषयगत मन्त्रालय, नेपालस्थित विदेशी राजदूतावास, विकास साझेदार, नागरिक समाज र निजी क्षेत्रको सहभागितामा राष्ट्रिय सम्मेलन आयोजना गर्ने भएको छ ।

उक्त सम्मेलनमा नेपालको राष्ट्रिय अवधारणापत्र (पोजिसन पेपर) र जलवायु परिवर्तनसम्बन्धी नीतिगत दस्तावेज सार्वजनिक गरिने मन्त्रालयका सहसचिव एवं जलवायु परिवर्तन व्यवस्थापन महाशाखाका प्रमुख डा. महेश्वर ढकालले जानकारी दिनुभयो । सहभागीबाट प्राप्त सुझाव र अन्तर्राष्ट्रिय समुदायका धारणा समेटेर राष्ट्रिय अवधारणापत्रलाई अन्तिम रूप दिइने उहाँले बताउनुभयो ।

राष्ट्रिय अवधारणापत्रमा हिमाली क्षेत्रको संरक्षण, जलवायु अनुकूलन, कार्बन उत्सर्जन न्यूनीकरण तथा विश्व तापक्रम वृद्धिले हिमाली क्षेत्रमा पार्न सक्ने प्रभावका विषय समेटिने उहाँले जानकारी दिनुभयो ।

“भोटेकोसी र बूढीगण्डकी क्षेत्रमा भएका विपद्का घटनाले हिमाली क्षेत्रमा जलवायु परिवर्तनका असर र जलवायुजन्य विपद्को जोखिमबारे थप सचेत गराएका छन्,” सहसचिव डा. ढकालले भन्नुभयो, “यसअघि मेलम्ची, थामे, मनाङ, मुस्ताङ, कञ्चनपुर र इलामलगायत क्षेत्रमा भएका विपद्का घटनाले पनि जलवायु परिवर्तनका चुनौती उजागर गरेका छन् ।”

नेपालको जलवायु जोखिम र संरक्षणका प्रयास अन्तर्राष्ट्रिय समुदायसमक्ष प्रस्तुत गर्न सरकारी प्रतिनिधिमण्डलका अतिरिक्त नागरिक समाज, निजी क्षेत्र र सञ्चारमाध्यमलाई पनि समेट्ने तयारी भइरहेको मन्त्रालयले जनाएको छ ।

यसका लागि टर्किए सरकारले सम्मेलनस्थलमा उपलब्ध गराएको स्थानमा नेपालले प्याभिलियन स्थापना गर्ने भएको छ । त्यहाँ भोटेकोसीलगायत क्षेत्रमा भएका विपद्का घटना, हिमाली क्षेत्रको संवेदनशीलता, जलवायु परिवर्तनका असर र नेपालले भोगिरहेका चुनौतीलाई अन्तरक्रिया, तस्बिर र भिडियोमार्फत प्रस्तुत गरिने सहसचिव डा. ढकालले बताउनुभयो ।

प्याभिलियन स्थापनाका लागि आवश्यक खर्च जुटाउन मन्त्रालयले विकास साझेदार र गैरसरकारी संस्थासँग सहकार्य तथा सहयोगका लागि पहल गरिरहेको छ ।

नेपालले यसअघि अतिकम विकसित मुलुकहरूको समूह, संयुक्त राष्ट्रसङ्घ र कोप सम्मेलनका विभिन्न मञ्चमा जलवायु न्यायको विषय उठाउँदै आएको छ । प्रधानमन्त्री वालेन्द्र शाहले संयुक्त राष्ट्रसङ्घको महासभामा व्यक्त गर्नुभएको जलवायु न्यायसम्बन्धी प्रतिबद्धता र परराष्ट्रमन्त्री शिशिर खनालले प्रि-कोपमा प्रस्तुत गर्नुभएका विषयलाई पनि आगामी सम्मेलनमा नेपालको प्राथमिकतासँग जोडिने मन्त्रालयले जनाएको छ ।

जलवायु परिवर्तनका कारण उत्पन्न विपद्पछिको राहत र पुन:स्थापनाका लागि हानि तथा नोक्सानीसम्बन्धी कोषबाट नेपालले शीघ्र सहायता पाउने व्यवस्था गर्न अन्तर्राष्ट्रियस्तरमा वार्ता भइरहेको सहसचिव ढकालले बताउनुभयो । कोप-३१ सम्ममा नेपालले प्रस्तुत गरेको दाबीका आधारमा उक्त कोषबाट सहायता उपलब्ध गराउने विषयमा घोषणा हुने अपेक्षा गरिएको उहाँले जानकारी दिनुभयो ।

जलवायु परिवर्तनका असर न्यूनीकरण र विपद्बाट भएको क्षतिको पुनरुत्थानका लागि नेपालले अन्तर्राष्ट्रिय जलवायु वित्तमा पहुँच विस्तार र कार्बन व्यापारलाई प्रभावकारी बनाउनुपर्ने जलवायुविज्ञ कुशल गुरुङले बताउनुभयो ।

नेपालले जलवायु वित्त परिचालन, हानिनोक्सानीको सम्बोधन र कार्बन व्यापारलाई प्राथमिकताका साथ अघि बढाउनुपर्ने उहाँको भनाइ छ । राष्ट्रिय रूपमा निर्धारित योगदान (एनडिसी ३.०) कार्यान्वयनका लागि आवश्यक स्रोत जुटाउनु मुख्य चुनौती रहेको उहाँले बताउनुभयो ।

जलवायु वित्तमा पहुँच विस्तार गर्दा ऋणको भार बढेर आर्थिक जोखिम सिर्जना हुन नदिन नेपालले अनुदान र सहुलियतपूर्ण वित्तीय स्रोत परिचालनमा जोड दिनुपर्ने विज्ञ गुरुङले बताउनुभयो । भोटेकोसीलगायत क्षेत्रमा हालै भएका विपद्का घटनालाई वैज्ञानिक र प्रमाणमा आधारित ढङ्गले प्रस्तुत गरेर नेपालले भोगेको हानि तथा नोक्सानीका लागि अन्तर्राष्ट्रिय सहयोग जुटाउनुपर्छ ।

“हानिनोक्सानीसम्बन्धी कोषबाट विपद्पछिको राहत र पुनरुत्थानका लागि पर्याप्त सहयोग जुटाउनु चुनौतीपूर्ण छ । त्यसैले विपद्का बेला तत्काल परिचालन गर्न सकिने वित्तीय संयन्त्र र शीघ्र सहयोग उपलब्ध गराउने कोषको आवश्यकताबारे पनि नेपालले आवाज उठाउनुपर्छ,” उहाँले भन्नुभयो ।

जलवायु वित्त परिचालनको महत्त्वपूर्ण माध्यमका रूपमा रहेको कार्बन व्यापार विस्तार गर्न नेपालले विभिन्न मुलुकसँग द्विपक्षीय सहकार्य बढाउनुपर्ने उहाँले बताउनुभयो । नेपालमा कार्बन व्यापारका सम्भावना, लगानीका अवसर, परियोजना सञ्चालनका क्षेत्र र आवश्यक कानुनी व्यवस्थाबारे अन्तर्राष्ट्रिय साझेदारलाई स्पष्ट जानकारी दिन सके यस क्षेत्रमा लगानी तथा सहकार्य बढाउन सकिने उहाँले बताउनुभयो । ***(रासस)***

***कार्की...***

दिनभर प्रहरी महानिरीक्षक चन्द्रकुबेर खापुङ, अन्य सुरक्षा निकाय प्रमुखहरूसँगै पछि सैनिक मुख्यालयमा रहेका थिए ।

सोही समयमा आन्दोलनले उग्ररूप लिन थालेको। केही प्रहरी परिसरमा आक्रमण हुन थालेपछि थुनवाको लिस्ट तयार पार्ने र त्यस्तो अवस्था आएमा थुनुवा छोडिदिने । आफ्नो हतियार, सञ्चार सेट, भेइकल र आफू सुरक्षित रहने, टियरग्यासबाहेक अन्य बल प्रयोग नगर्ने भन्ने आफ्नो सेट भिक्टोर कन्टोल Victor Control मार्फत उहाँको आदेश भएको ।

थुनुवा छाड्ने आदेश पनि सबै प्रहरीलाई दिएको होइन, Blanket होइन भन्ने निजको बयानबाट देखिन आयो । महाराजगञ्ज प्रहरी परिसरमा आक्रमणकारीहरूले ३ जना प्रहरीको निर्ममतापूर्वक हत्या गरेपछि बाँकी प्रहरीको सेनाको हेलिकप्टरबाट उद्धार गराउने काम पनि निजले गरेको देखिन आयो ।

प्रहरी महानिरीक्षकसँगै बसेर आदेश दिएका कारण प्रहरी कार्यालयहरू जलाइएका, हतियार लुटिन गएको अवस्था देखिन आएकोले हालका प्रहरी महानिरीक्षक दानबहादुर कार्कीको सम्बन्धमा प्रहरी ऐन, २०१२ तथा प्रहरी नियमावली २०७१ को नियम १०९ को उपनियम (क) (२) अनुसार कारबाही गर्न गराउन नेपाल सरकारसमक्ष सिफारिश गरिएको छ ।

# खँम्ये जात्रा व्यवस्थित र अनुशासित रूपमा सञ्चालन गरिने

भक्तपुर, २ कार्तिक। विजया दशमीको नवमीका दिन हरेक वर्ष मनाइने भक्तपुरको ऐतिहासिक खँम्ये जात्रालाई व्यवस्थित, अनुशासित र सभ्य रूपमा सञ्चालन गर्ने विषयमा सोमबार भक्तपुर नगरपालिका-९ नं. वडा कार्यालयमा सरोकारवालाहरूबिचको बैठक सम्पन्न भयो ।

वडाध्यक्ष रवीन्द्र ज्याखवको अध्यक्षतामा बसेको उक्त बैठकमा नवदुर्गा देवगण र खँम्येको बलि दिने साही समाजका प्रतिनिधिका साथै स्थानीय युवाहरूको उत्साहजनक उपस्थिति थियो ।

बैठकमा वडाध्यक्ष ज्याखवले सांस्कृतिक सद्भावका रूपमा नागरिक तहबाट सञ्चालन गरिने जात्राको व्यवस्थापनमा सबै पक्षले स्वयंसेवा गरिरहेको चर्चा गर्दै खँम्येलाई सुरक्षित रूपमा ब्रह्मायणी मन्दिरसम्म पुऱ्याउन तथा निर्धारित समयमै सहज तरिकाले बलि दिन सबैको योगदान रहने विश्वास व्यक्त गर्नुभयो ।

उहाँले वडा कार्यालयमार्फत सहजीकरणको भूमिका निर्वाह गर्ने बताउनुभयो ।

नवदुर्गा देवगण तथा जात्रा व्यवस्थापन समितिका सल्लाहकार नारायणमान बनमालाले खँम्ये जात्राको विधिविधानबारे जानकारी दिँदै समयमै जात्रा सञ्चालन गर्न आवश्यक तयारी भइरहेको बताउनुभयो ।

समितिका अध्यक्ष बालगोपाल बनमाला र सचिव लक्ष्मीप्रसाद बनमालाले नवदुर्गा सबैको आस्थाको केन्द्र भएकोले पूजाआजा र दर्शन गर्न सबैजना आउने भए पनि खँम्ये जात्रालाई सहज र व्यवस्थित बनाउन सरोकारवालाहरूसँग सकारात्मक छलफल भइरहेको बताउनुभयो ।

साही समाजका अग्रज मुकेश शाहीले खँम्येलाई सास्ती नदिन अनुरोध गर्दै आफ्नो समुदायका तर्फबाट जात्रा सफल पार्न सबै प्रकारको सहयोग हुने स्पष्ट पार्नुभयो ।

स्थानीय युवाहरू लक्ष्मी चवाल, उत्तम ज्याख्व, धर्मभक्त मानन्धर, गणेश मुस्याख्व, राजकुमार प्रजापतिलगायतले जात्रा सञ्चालनका लागि व्यवस्थित तयारी गर्नुपर्नेमा जोड दिनुभयो ।

मङ्गलबार दिउँसो ४ बजे नवदुर्गा द्योछेँबाट खँम्ये जात्रा सुरु गरिने र समयमै ब्रह्मायणी मन्दिरमा खँम्येको बलि दिने गरी तालिका तयार भएको वडाध्यक्ष ज्याख्वले जानकारी दिनुभयो ।

जात्रा सुरु हुनुअघि नवदुर्गा द्योछेँ परिसरमा ताथलीका कलाकारहरूले सामूहिक धिमे नृत्य प्रस्तुत गर्नेछन् । साथै, साँझ ५ बजे ब्रह्मायणी मन्दिर परिसरमा पनि नृत्य प्रस्तुत गरिने बताइएको छ ।

जात्राको क्रममा अवाञ्छित गतिविधि नगर्न र अनुशासित रूपमा जात्रा सम्पन्न गर्न वडा कार्यालयले सबैलाई अनुरोध गरेको छ ।

# देशको अवस्थाबारे उब्जिएको प्रश्न

- गोपीलाल न्यौपानेले रास्वपा सरकारका अर्थमन्त्री स्वर्णिम वाग्लेलाई सचेत गराए – ‘तिमीले अरूलाई मूर्ख बनाउन सक्ला तर मलाई सक्दैनौ। पेट्रोल र डिजेलको मूल्य बढेपछि सबै सामानको मूल्य बढ्छ। इन्धनको मूल्य घटाउनू भन्दा कहाँ गलत भयो ?’ नेपालको अहिलेको महँगी रास्वपाको सरकारको प्रायोजित महँगी हो। अर्थमन्त्री वाग्लेको आसय गलत छ। नेपालमा सरकार नै समस्याको सिर्जना भइरहेको छ ! के नेपाली जनता यो विषयमा सचेत हुनुपर्दैन ?
- रास्वपाका अर्थमन्त्री वाग्लेले गजेडीहरूले गरेका कानेखुसीहरूलाई प्रवक्ताले जवाफ दिएको बताएपछि कतिपय नेपाली जनता सरकारका गजेडी को को हुन्, खोजीमा लागेको सार्वजनिक भयो ।
- रास्वपाका कपितय हस्तीहरू यो सरकारमा बच्चपना रहेको, अपेक्षाअनुरूप काम नभएको टिप्पणी गर्दै छन्। राजनीतिक पार्टी विचार मिल्नेहरू सदस्य हुने ठाउँ हो तर रास्वपाका सांसदहरूले नै सरकारप्रति असन्तुष्टि सार्वजनिक रूपमा पोख्नु के विचार नमिल्नु होइन ?

***साहित्यले...***

संस्कृतिलाई जगेर्ना गर्दै अगाडि बढ्नुपर्छ भन्नुभयो। देउडा गायक नन्दाराम रेग्मीले यस्ता कार्यक्रमले निरन्तरता पाउँदै जाओस् भन्नुभयो। कृष्णप्रसाद ढकाल, मान शाही र जयकला वि.क.ले पनि पञ्चकोसी साहित्य समाजले सबै किसिमका कला र साहित्यलाई समेट्नुपर्नेमा जोड दिनुभयो। दीपक शाहीले स्वागत गर्नुभएको उक्त कार्यक्रममा पूजा ढकालले शुभकामना दिँदै कविता वाचन गर्नुभएको थियो।

हिमालय माविका प्रधानाध्यापक हर्कबहादुर वि.क.ले साहित्यले समाजलाई सही बाटो देखाउने चर्चा गर्दै देशमा आमूल परिवर्तनमा साहित्यको महत्त्वपूर्ण भूमिका रहन्छ भन्नुभयो। चामुण्डा बिन्द्रासैनी वडा नं. ७ का वडाध्यक्ष इन्द्रप्रसाद चौलागाईले पञ्चकोसी साहित्य समाजले आफ्नो क्षेत्रलाई बढाउँदै लगोस् भन्दै सुझाव दिनुभयो।

यसैगरी नेमकिपा चामुण्डा विन्द्रासैनी वडा नं. ३ वडा समितिको आयोजनामा असोज ३० गते चामुण्डा विन्द्रासैनीको वडा नं ३ मा शुभकामना कार्यक्रम सम्पन्न भयो।

कार्यक्रममा नेमकिपा कर्णाली प्रदेशका सदस्य निरकबहादुर शाहीले पदमा जानकै लागि राजनीति गर्नु गलत हुने चर्चा गर्दै नि:स्वार्थ रूपमा जनताको सेवा गर्नु आजको आवश्यकता हो भन्नुभयो। राज्य चलाउने राजा शुद्धोधनको भन्दा राज्य सत्ता त्याग्ने गौतम बुद्धको प्रचार धेरै भएको चर्चा गर्दै उहाँले पुँजीवादी व्यवस्थाको अन्त्य नभएसम्म गरीब जनताले दु:ख पाइरहनेछन् भन्नुभयो। रास्वपा सरकारले पुरानै पुँजीवादी विचारलाई अगाडि बढाएको चर्चा गर्दै सम्पत्तिमा सीमा तोक्ने, योग्यताअनुसारको ज्यालाको बन्दोबस्त गरी शिक्षा र स्वास्थ्यलाई नि:शुल्क गर्न नसक्ने वर्तमान सरकार कसरी नयाँ हुन सक्छ भनी उहाँले प्रश्न गर्नुभयो।

नेमकिपा चामुण्डा बिन्द्रासैनी नगर समितिका अध्यक्ष दीपक शाहीले पुँजीवादी व्यवस्था रहेसम्म भ्रष्टाचार र कमिसन रहिरहने चर्चा गर्नुभयो। उत्पादनका साधनलाई राष्ट्रियकरण नगरी निजीकरणलाई अगाडि बढाउने सरकार कसरी नयाँ हुन सक्छ भन्दै अध्यक्ष दीपक शाहीले समाजवादी व्यवस्था स्थापनाका लागि सचेत र सङ्गठित कार्यकर्ता आवश्यक छ भन्नुभयो। चाविनपा वडा नं. ३ का वडा अध्यक्ष दीपबहादुर शाहीले पुँजीवादी व्यवस्थाभित्रका विकृति र विसङ्गति हटाउन युवाहरू सचेत हुनुपर्छ भन्नुभयो।

कार्यक्रममा बमबहादुर मलेइ, बासुदेव कँडेल, नारायणकुमार शाही, बमबहादुर तारामी, रत्नबहादुर सार्की, टेकबहादुर तारामी, ऐनबहादुर खप्तडी, हस्तबहादुर वि.क, दानकला मिजार र रवीन्द्र सुनारले पनि भाग लिनुभएको थियो।

## सङ्क्षिप्त समाचार

# एम्बुलेन्सबाट पाँच क्विन्टलभन्दा बढी गाँजा बरामद

सुनसरी, २ कार्तिक । दुहबी नगरपालिका-६ स्थित बूढी खोलाको किनारबाट प्रहरीले पाँच क्विन्टलभन्दा बढी गाँजासहित एउटा एम्बुलेन्स बरामद गरेको छ ।

जिल्ला प्रहरी कार्यालय सुनसरीका अनुसार सोमबार बिहान कोसी राजमार्गमा एम्बुलेन्समा इटहरीबाट विराटनगरतर्फ गाँजा ओसारपसार भइरहेको छ भन्ने सूचनाका आधारमा प्रहरीले उक्त गाँजा बरामद गरेको जिल्ला प्रहरी कार्यालय सुनसरीका सूचना अधिकारी चन्द्रबहादुर खड्काले जानकारी दिनुभयो ।

इलाका प्रहरी कार्यालय दुहबी र सिआरभी दुहबी सुनसरीबाट खटिएको प्रहरी टोलीले दुहबी नगरपालिका-६ स्थित बूढी खोलाको किनारमा ना ४ च ६०६३ नम्बरको एम्बुलेन्सजाँच तथा खानतलासी गर्दा एम्बुलेन्सबाट ५७४ किलो ८७० ग्राम गाँजा फेला परेको प्रहरीले जनाएको छ ।

गाँजा र एम्बुलेन्स नियन्त्रणमा लिएर इलाका प्रहरी कार्यालय दुहबीले थप अनुसन्धान भइरहेको छ भने एम्बुलेन्स छाडेर भागेका चालकको खोजी भइरहेको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ । *(रासस)*

# सशस्त्र प्रहरीको निःशुल्क बस सेवा

काठमाडौँ, २ कार्तिक । सशस्त्र प्रहरी बलले बडादसैँका अवसरमा काठमाडौँ उपत्यकाभित्र सर्वसाधारणको आवतजावतलाई सहज बनाउन दुई वटा बस निःशुल्क रूपमा सञ्चालन गरेको छ ।

दसैँको समयमा उपत्यकामा सार्वजनिक यातायातका साधन अत्यन्तै न्यून रूपमा चल्ने भएकाले सर्वसाधारण नागरिकलाई आवतजावतमा सुविधा पुऱ्याउने उद्देश्यका साथ निःशुल्क बस सेवा सञ्चालन गरिएको सशस्त्र प्रहरी बल नेपालका सहप्रवक्ता शैलेन्द्र थापाले जानकारी दिनुभयो । निःशुल्क बस सेवा सोमबारदेखि तीन दिनसम्म सञ्चालन हुनेछ । ती बस बिहान ८:०० बजेदेखि बेलुकी ६:०० बजेसम्म विभिन्न रुटमा चल्नेछन् ।

सशस्त्र प्रहरी हेडक्वाटर हल्चोकबाट छुट्ने एउटा बसले बालाजु, नयाँ बसपार्क, कोटेश्वर, सातदोबाटो बल्खु हुँदै विभिन्न ठाउँका स्थानीय यात्रुहरूलाई सेवा प्रदान गर्नेछ । यसैगरी सशस्त्र प्रहरी हेडक्वार्टरबाटै छुट्ने अर्को बसले सीतापाइला, कलङ्की, बल्खु, कोटेश्वर, नयाँ बसपार्कलगायत स्थानका यात्रुलाई निःशुल्क सेवा दिनेछ । *(रासस)*

# निकुञ्ज चाडपर्व लक्षित सुरक्षा योजना तालिम प्राप्त कुकुरद्वारा निगरानी

चितवन, २ कार्तिक । चितवन राष्ट्रिय निकुञ्जले चाडपर्व लक्षित गर्दै सुरक्षा रणनीति तयार गरेको छ । रणनीति अनुसार निकुञ्ज प्रशासन र निकुञ्ज सुरक्षार्थ खटिएको नेपाली सेना गरी १ हजार २ सय बढी जनशक्ति परिचालन गरिने छ । निकुञ्जका सूचना अधिकारी अविनास थापा मगरका अनुसार चाडपर्वमा अपरिचित व्यक्तिहरूको चहलपहल बढी हुने हुँदा चोरी शिकारी हुन सक्ने भएकाले सुरक्षा रणनीतिका साथ उच्च सतर्कता अपनाइएको हो । उहाँले भन्नुभयो "अहिले संम्बेदनशिल क्षेत्रहरूमा ३५ 'स्पाई क्यामेरा' जडान गरेर सुरक्षा दिइएको छ ।"

सूचना अधिकारी मगरका अनुसार बिगतमा हुने गरेका नियमित गस्ति सहित स्विपिङ, पट्रोलीङ, साईकल गस्ति, मोटरसाइकल गस्ति, बोट, गाडी र हात्तीबाट गस्ति गरिने छ । चार्डपर्वको समयमा निकुञ्ज आसपासमा बसोबास गर्ने स्थानीय पर्व मनाउन लाग्ने भएकाले चोरी शिकारीका बढी सम्बेदनशील मानिने गरिन्छ । सम्बेदनशील क्षेत्रहरूमा 'लिङ्क पट्रोलिङ्' लगायतका कामहरू भइरहेको छ । चुरे क्षेत्रमा समेत चोरी शिकारी हुन सक्ने भएकाले सो क्षेत्रलाई समेत मध्यनजर गर्दै कसुरक्षा व्यवस्था मिलाइएको छ ।

निकुञ्ज क्षेत्रभित्र ५७ स्थायी पोष्ट र ३ अस्थायी पोष्टहरूबाट सुरक्षा दिने काम भइरहेको छ । यसलाई अझै चुस्त वनाउँदै स्थानीयसँगको साझेदारीमा निकुञ्ज सुरक्षा गरिने छ । शंकास्पद स्थानहरूमा तालिम प्राप्त कुकुर (स्निफर डग) मार्फत निगरानी गरिने छ । आवश्यकता अनुसार अन्य सुरक्षा निकायसँग समेत समन्वय गरेर निकुन्ज क्षेत्रमा रहेका बस्तिहरूमा समेत तदारूपता वढाइएको उहाँले जानकारी दिनुभयो । *(रासस)*

हार्दिक समवेदना



जन्म
१९९५/०५/१९

स्वर्गारोहण
२०८३/०६/२६

हाम्रा आत्मीय मित्र पुष्पलाल बासुक्लाकी ममतामयी माता **रामकुमारी बासुकला**को असामयिक निधन भएकोमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**साथीहरू**

कृष्णप्रसाद धन्छा
प्रतापमान कर्माचार्य
लक्ष्मीप्रसाद सुवाल
बलराम भुजु
कृष्णभक्त शिल्पकार
पुण्यराम शिवहरी



**धान काट्दै किसान**
दाङको घोराही उपमहानगरपालिका-७ स्थित पर्सामा कृषियन्त्रको सहायताले धान काट्दै किसान । *तस्बिर: कुलदीप न्यौपाने/रासस*

# ब्रह्मायणी मन्दिर परिसरमा सरसफाइ कार्यक्रम

भक्तपुर, २ कार्तिक । दसैँमा मेला लाग्ने प्रमुख धार्मिक स्थल ब्रह्मायणी मन्दिर परिसर तथा खोलामा सोमबार बिहान सरसफाइ कार्य सम्पन्न भयो ।

भक्तपुर नगरपालिका ९ नं. वडा कार्यालयको आह्वानमा स्थानीय युवा, महिला, अग्रज, नेपाल स्काउट, विद्यालय, कलेज तथा टीम क्लवका पदाधिकारीहरूको व्यापक उपस्थितिमा भएको थियो ।

नवमीको दिन नवदुर्गा द्योछेँदेखि खँम्ये ल्याउने क्रममा खोलामा बाटो निर्माण गरी संग्लो बगाउने व्यवस्था मिलाइएको थियो ।

सरसफाइ कार्यमा सहभागी सबैलाई धन्यवाद दिँदै वडाध्यक्ष रवीन्द्र ज्याख्वले खँम्ये जात्रालाई सभ्य, अनुशासित र सुरक्षित रूपमा अगाडि बढाउन तथा सामाजिक सद्भावका साथ जात्रा सम्पन्न गर्न सबैबाट सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्नुभयो ।

आस्थाको केन्द्र बनेको ब्रह्मायणी मन्दिरमा हुने जात्रा व्यवस्थापनका लागि स्वयंसेवक बन्नुहुने स्थानीय युवा तथा नेपाल स्काउटलाई उहाँले वडा कार्यालयको तर्फबाट आवश्यक सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।



भक्तपुर नगरपालिका स्थानीय स्काउट कार्यालयका आयुक्त बालकृष्ण बनमालाले दसैँको अवधिमा सबै शक्तिपीठमा जात्रा व्यवस्थापन कार्यमा स्काउटका साथीहरूले स्वयंसेवक भई काम गरिरहेको जानकारी दिँदै ब्रह्मायणी मन्दिरमा नवमी र दशमीको दिनमा हुने जात्रामा पनि साथीहरू उत्साहपूर्वक लागिपर्ने बताउनुभयो ।

# मासु खाँदा हड्डी अड्किए आफैँ निकाल्ने प्रयास नगर्न चिकित्सकको सुझाव

काठमाडौँ, २ कार्तिक । दसैँमा चिल्लो, पिरो र अमिलो खानेकुराको सेवन बढ्दा घाँटीमा जलन, एसिड रिफ्लक्स तथा निल्न असहज हुने समस्या देखिन सक्ने भएकाले खानपानमा सावधानी अपनाउन चिकित्सकले सुझाव दिएका छन् ।

बढी चिल्लो र बोसोयुक्त मासु खाँदा केही व्यक्तिमा एसिड रिफ्लक्सको समस्या बढ्न सक्छ । मासु खाँदा हड्डी वा मासुको टुक्रा घाँटीमा अड्किएमा गम्भीर समस्या आउन सक्ने भएकाले सतर्क रहनुपर्ने वीर अस्पतालका नाक, कान तथा घाँटी रोग विशेषज्ञ डा. विमलेशकुमार गुप्ताले बताउनुभयो ।

दसैँमा खानपान गर्दा अपनाउनुपर्ने सावधानी, चिल्लो तथा बोसोयुक्त मासुले घाँटीको स्वास्थ्यमा पार्ने असर र घाँटीमा मासु वा हड्डी अड्किएमा गर्नुपर्ने उपायबारे समाचारदाता प्रगति ढकालले डा गुप्तासँग गर्नुभएको कुराकानीको सम्पादित अंश:

प्रश्न: दसैँमा चिल्लो, पिरो र अमिलो खानेकुरा बढी खाने चलन छ । यसले घाँटीको स्वास्थ्यमा कस्तो असर पार्छ ?

उत्तर: यस्ता खानेकुरा बढी खाँदा घाँटीमा जलन र असहजता हुन सक्छ । पेटको अम्ल घाँटीसम्म फर्किने एसिड रिफ्लक्सका कारण घाँटी र छाती पोल्ने तथा घाँटीमा केही अड्किएजस्तो वा खसखस हुने महसुस हुन सक्छ । त्यसैले खानाको मात्रा र प्रकृतिमा ध्यान दिनुपर्छ ।

प्रश्न: घाँटीमा एलर्जी हुने वा रुघाखोकी लागेर घाँटी दुख्ने व्यक्तिले दसैँमा चिल्लो र बोसोयुक्त मासु खान मिल्छ कि मिल्दैन ?

उत्तर: घाँटीमा जलन वा एसिड रिफ्लक्सको समस्या भएका व्यक्तिले चिल्लो र बोसोयुक्त मासु कम खानु उपयुक्त हुन्छ । यस्ता खानेकुराले केही व्यक्तिमा रिफ्लक्स बढाउन सक्छन् । यस्तो अवस्थामा आफूलाई सहज हुने, पचाउन सजिलो खानेकुरा खानु र पर्याप्त पानी पिउनु राम्रो हुन्छ ।

प्रश्न: दसैँमा मासु खाँदा मासुको टुक्रा वा हड्डी घाँटीमा अड्कियो भने कस्तो समस्या हुन सक्छ ?

उत्तर: मासु वा हड्डी अड्किँदा निल्न गाऱ्हो हुने, घाँटीमा दुखाइ हुने र थुक निल्नसमेत समस्या हुन सक्छ । अड्किएको वस्तुले श्वासनलीमा अवरोध गरेमा सास फेर्न गाऱ्हो हुन सक्छ, जुन ज्यानै जोखिममा पार्ने अवस्था हो । हड्डी अड्किएको शङ्का भएमा आफैँ निकाल्ने प्रयास नगरी चिकित्सकको सहायता लिनुपर्छ ।

**प्रश्न: मासु वा हड्डी घाँटीमा अड्किएमा तत्काल के गर्ने र के गर्नु हुँदैन ?**

उत्तर: अड्किएको वस्तु निकाल्न औँला घाँटीभित्र हाल्नु हुँदैन । भात, रोटी वा अन्य खानेकुरा निलेर त्यसलाई तल धकेल्ने प्रयास गर्दा चोट लाग्न सक्छ । निल्न नसक्ने वा थुकसमेत निल्न गाऱ्हो हुने अवस्था भएमा तुरुन्त अस्पताल जानुपर्छ । यदि सास फेर्न नसक्ने, बोल्न नसक्ने वा प्रभावकारी रूपमा खोक्न नसक्ने अवस्था आएमा श्वासनलीमा अवरोध हुन सक्ने भएकाले तत्काल आपत्कालीन सहायताका लागि अस्पताल जानुपर्छ । *(रासस)*

। सम्पादकीय ।

# शासकहरूको चरित्र एउटै देखिँदै छ

दसैं, तिहार र छठ पर्वको सम्मुख नेपालीको उपभोग बढ्छ । तर यही बेला उपभोग्य सामानको मूल्य आकाशियो । कतिपय सामानमा ४० देखि ३०० प्रतिशतसम्म बढेको सार्वजनिक भयो । रास्वपा सरकारको मूल्य अनुगमनको दाबी भ्रूटा साबित भयो । मूल्यवृद्धि र महँगी नियन्त्रण नहुँदा युरोपका फ्रान्स, स्पेन, जर्मनीलगायत देशमा जनप्रदर्शन भइरहेका छन् । बेल्जियम, पोर्चुगल, अल्बानियामा पनि मूल्यवृद्धिको विरोध भइरहेको छ । यसरी नै मूल्य वृद्धि चर्को भए नेपाली जनता पनि प्रदर्शनमा उत्रनुपर्ने हुन्छ ।

रोजगारीसमेत देशभित्र नपाउँदा ७० प्रतिशत नेपालीको जीवन निर्वाह कठिन अवस्थामा पुगेको सार्वजनिक भयो । यस्तै एउटा तथ्याङ्कले ७० प्रतिशत नेपाली जनताको मत देश गलत बाटोमा गएको तर्फ प¥यो । सरकार जनताको विरोधलाई 'विरोधको लागि विरोध' भनी टार्नेतर्फ लागिरहेको छ । जनताको समस्या समाधान नभएसम्म सरकारको विरोध हुनु स्वाभाविक हो । सरकारले जनताको विरोधलाई ऐनाको रूपमा लिएर समाधान गर्नु जरूरी हुन्छ ।

रास्वपा सरकारले संयुक्त राष्ट्र सङ्घको सम्बोधनमा जब घरमा आगो लाग्छ ५० ओटा फाराम भर्न नलगाउने, काम गर्ने दाबी ग¥यो । त्यो सम्बोधन सेलाउन नपाउँदै रसुवाको भोटेकोसी हिमपहिरो पीडित जलविद्युत् गृह मर्मत र पुनःस्थापनाको आशा राखेका पीडित जनता चार मन्त्रालय, १३ निकाय र बोर्ड विभागमा धाउनु परेको पीडा पोख्दै छन् । चुनाव अघि रास्वपाले पैसा नहुने पढ्न र उपचार पाउने आफ्नो एजेन्डा बतायो । सरकार गठनको ६ महिनामै सप्तरीका एक गर्भवती महिलाले सरकारी अस्पतालमा सुत्केरी हुन पाइनन् र सडकमै बच्चा जन्माइन् ।

देशको सम्पदा र सम्पत्ति जलाउने र तोडफोड गर्नेहरू नयाँ पुस्ता हुन सक्दैनन् । नयाँ पुस्ता उपद्रवमा लाग्दैनन् बरू सिर्जना र निर्माणमा लाग्छन् । नेपालमा नयाँ पुस्ता दाबी गरी सरकारमा पुगेकाहरूको पृष्ठभूमि सफा नभएको कार्की आयोग र राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदनमा उल्लेख छ । रास्वपाका कतिपय सांसदहरू ठगी र उपद्रवमा संलग्न भएको एकपछि अर्को घटनाबाट सार्वजनिक भइरहेको छ । चुनावमा 'जान्नेलाई छान्ने' नारा दिएको रास्वपाका कतिपय सांसदहरू राजनीतिक रूपमा कच्चा साबित भइरहेका छन् ।

राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदनमा रास्वपाका नेता र कार्यकर्ताहरू गतवर्ष भदौ २३ र २४ गतेको उपद्रव र तोडफोडमा लागेको भिडिओ क्लिपहरू प्रशस्त भेटिन्छन् । आफ्नो कमजोरी ढाकछोप गर्न रास्वपाका कतिपय सांसद र नेताहरू आगजनीमा संलग्न भएका भए सांसद पद नै छोड्ने 'हावा' कुरा गर्दै छन् । कतिपय विश्लेषकहरूले गत वर्ष भदौ २३ र २४ गते जेनजी प्रदर्शन गराउने, रास्वपालाई सरकारमा पु¥याउने, अझ गगन थापालाई नेकाको सभापति बनाउने एउटै 'बौ' भएको टिप्पणी पनि गर्दै छन् । त्यसो त गत वर्ष भदौ २४ गते एमालेका प्रम ओलीलाई बिहान राजीनामा नदिने अडान राख्न लगाउने र अपरान्ह १:३० बजे राजीनामा दिन लगाएर बेपत्ता पठाउने 'बौ' पनि एउटै होइन भन्ने प्रश्न उठिरहेको छ । ढिलो छिटो शासक दलहरू एक सोत्तर हुने ठोकुवा गर्नेहरू पनि धेरै छन् । अन्ततः यिनीहरूले माओवादीले जस्तै नाम फेरेर जनतालाई छलछाम गर्ने बताउनेहरूको सङ्ख्या पनि कम छैन ।

# आफ्नै पौरखमा गौरव हुने

✍ सिम्रिक

वि.सं. २०७२ सालमा देशमा गोर्खाको बारपाख केन्द्रबिन्दु भएर विनाशकारी भूकम्प गयो । यसले देशमा ठूलो जनधनको क्षति भयो । त्यसबाट थुप्रै सांस्कृतिक धरोहरहरू पनि ध्वस्त भए । त्यसलाइ पुनः ठड्याउन सरकारले विश्वमा हारगुहार माग्यो । विदेशी मित्र राष्ट्रहरू, तिनका विभिन्न निकाय, एनजीओ तथा आईएनजीओमार्फत सहयोग गरे । आलोपालो गरेर सरकारमा पुगेका शासन दलहरूले आफ्नै पौरखमा ती धरोहरहरू पुनः ठड्याउने आँट गर्न सकेनन् । त्यसैले, विदेशीसँग गुहारे । उनीहरूमा आफू इमानदार भएर जनताको साथ र सहयोग लिएर ती सम्पदा पुनः ठड्याउने सोच, सामर्थ्य थिएन । विकास निर्माण गर्ने नाममा भिक्षा पात्र थाप्ने प्रवृत्ति थियो । उनीहरू सित्तैमा दिएपछि जे पनि आँखा चिम्लेर लिने गरेको सबैले देख्दै आएका कुरा हुन् ।

नेपाललाई विश्वमा चिनाउने भनेको यहाँका सांस्कृतिक धरोहरहरू हुन् । विदेशी राष्ट्र प्रमुख, सरकार प्रमुखलगायतका महामहिम पाहुनाहरूलाई गर्वका साथ नेपाल भनेर अवलोकन गराउने, घुमाउने, चिनाउने यी नै धरोहरहरू हुन् । अग्ला अग्ला कङ्क्रिट, फलाम, स्टिल र आल्मुनियमका आकाश छुने टावर र भवनहरू त उनीहरूका देशमा कति छन् कति ! ती पुर्खाले सुम्पेका धरोहरहरू हेर्न हजारौं लाखौं डलर खर्चेर विदेशी पर्यटक नेपाल आउँछन् । त्यस्तै, ती सम्पदाको अध्ययन तथा अनुसन्धान गर्न विद्यार्थी, प्राध्यापक, अनुसन्धानदाता र वैज्ञानिकहरू पनि नेपाल आउँछन् । उनीहरू ती धरोहरहरू हेर्दै अचम्म हुन्छन् । उनीहरू ती अवलोकन गर्दै मन्त्रमुग्ध हुन्छन् र आफूलाई र आफ्नो देशलाई नै बिर्सन्छन् । तर, दुःखको कुरा पुर्खाले आफ्नै खुट्टामा उभेर सिर्जेका ती धरोहरहरूलाई ३०/३५ वर्षसम्म सत्तामा बसेर देश र जनतामाथि रजाइँ गरेका सरकारहरूले आफ्नै पौरखमा बनाउनु त के मर्मतसम्म गर्न सकेनन् । यो देशको लागि लज्जा र दुर्भाग्य हो ।

सरकारले ती भूकम्पले नष्ट भएका सांस्कृतिक सम्पदा बनाउनको लागि सहयोगको आह्वान गरेपछि अमेरिका, चीन, जापान, जर्मनी, भारतलगायतका देशहरूले सहयोग गरे । तर, कुन-कुन देशसँग कुन कुन सर्तमा सहयोग गरे भनेर बाहिर आएको छैन । विदेशीको सहयोगमा सम्पदाहरू पुनः ठड्याए । ती सम्पदाहरूमा विदेशी या ती देशहरूको झन्डा राखे । पुर्खाले आफ्नै खुट्टामा उभेर निर्माण गरेर सुम्पेको धरोहरहरूसमेत मर्मत गर्न नसक्दा, विदेशीको भरपर्दा, अरु देशको झन्डा भित्तामा देखेपछि देशभक्त नेपाली जनताको शिर निहुरिने नै भयो । ती सम्पदाहरूमध्ये कुनै अमेरिका, कुनै जापान, कुनै जर्मनी, कुनै भारत र कुनैमा चीनलगायतका देशहरूको झन्डा देख्दा देशभक्त नेपाली जनताको स्वाभिमान र गौरवमा ठेस लाग्ने नै भयो । युनेस्कोमा सूचीकृत चाँगुनारायण मन्दिर जाने मूल बाटामै पर्यटक सूचना केन्द्र रहेको पाटी पनि जापान सरकारले बनाइदिएको देखिन्छ । पाटीमा जापानको झन्डा टाँसेकोले त्यसलाई अझ प्रस्ट पार्छ ।

के पुर्खाले आफ्नै खुट्टामा उभेर, आफ्नै पौरखमा बनाएर नासोको रूपमा छोडेर गएको सम्पदा पनि हामीले मर्मत गर्न नसक्ने भयौं ? के ती सम्पदा हामीले संरक्षण गर्न नसक्ने अवस्थामा पुग्यो ? सरकारहरूले ३० औं खर्ब ऋण देशका जनतामा थापिसकेका छन् । अझै थप्ने क्रम जारी छ । सरकार, दल र जनता कहिले सचेत हुने ? के हाम्रो देशलाई शासकहरूले ऋणमा डुबाउने वा बन्धक राख्ने त होइन ? के नेपाललाई कतै युक्रेन र सिक्किम बनाउन लागेका होइनन् ? यो एकातिर गम्भीर विषय हो भने अर्कोतिर लाजको विषय हो । सरकार, दल, शासक, प्रधानमन्त्री, मन्त्री, मुख्य मन्त्री, सांसदहरू अझै चेतेका छैनन् । उनीहरूको विचार र आचरणमा पटक्कै परिवर्तन आएको छैन । माग्नेले बिनासङ्कोच मागेजस्तै शासकहरू पनि त्यस्तै भिक्षापत्र बोकेर हिँडेका छन् । विदेशीसित सहयोग माग्दा वा लिँदा हाम्रा पुर्खाको देशभक्ति विचार सम्झिन किन सकेन ? हाम्रा पुर्खाहरूले सक्ने अनि हामीले किन सकेनौं ? भिक्षा पात्रेहरूले भन्लान्, "आजको समय हिजोको पुर्खाको बेलाको जस्तो होइन । समय धेरै अगाडि बढिसकेको छ । हाम्रोजस्तो सानो र गरिब देशले के गर्न सक्छ र ?" यदि त्यसो हो भने हाम्रै पुर्खाको विचार, सिप, कला, त्याग र इमानदारितालाई हेरौं । आफ्नो देशको लागि चाहिने सबै यहीं पाइन्छ । त्यस्तै, क्युबा, उत्तर कोरिया र सिङ्गापुर पनि भौगोलिक हिसाबले सानो छ । हामी ती धरोहर ठड्याउने देशलाई आत्मनिर्भर बनाउने पुर्खाका सन्तान नै हौं । हामीसँग सीप, कला, विचार, अनुभवी अग्रज र आँट भएका नेपाली दाजुभाइ र दिदीबहिनीहरू छन् । किन शासक दल वा सरकारले उनीहरूलाई चिनेनन् ? किन आफ्नै पुर्खाको देशको माटोलाई चिनेनन् ? देश बनाउने युवाहरूलाई किन विदेश जान बाध्य पारियो ? किन विदेशीसँग भिक्षापात्र थाप्ने काम मात्र गरे ? कहिले सबै सचेत हुने ? यी प्रश्नमाथि सोच्नु आवश्यक छ ।

त्यसो त भक्तपुरवासी अनि स्थानीय सरकार (भक्तपुर नगरपालिका) सचेत छ । भक्तपुरवासीमा यी सांस्कृतिक सम्पदा ठड्याएका वा बनाएका पुर्खाको रगत बगिरहेका छन् । त्यसैले, २०७२ सालमा भूकम्पले ध्वस्त भएका सम्पदा भक्तपुरका जनता र स्थानीय सरकार एक ढिक्का भएर पुनः जस्ताको तस्तै ठड्याए । उनीहरू अरु या विदेशीसँग भर पर्दैनन् । भिक्षा माग्ने काम गर्दैनन् । आफ्नै मेहनत र पौरखमा विश्वास गर्छन् । सबै सम्पदाहरू स्थानीय जनताको उपभोक्ता समितिमार्फत श्रमदान गरेर पुनर्निर्माण गरे ।

भक्तपुर नपाले यसरी जनताको साथ र सहयोगमा पाँचतले मन्दिर (ङातापोल्हँ), भैरव मन्दिर, नृत्य वत्सला मन्दिर, पचपन्न झ्याले दरबारलगायतका करिब १८५ वटा सम्पदाहरू पुरानै शैलीमा निर्माण गरेका छन् । दरबार क्षेत्रको थन्थु दरबार, तचपालको सलाँ गणेश मन्दिर परिसरको पोखरीलगायतका सम्पदाहरूको द्रुतगतिमा कार्य भइरहेका छन् । मुख्य बजार र त्यससँग जोडिएका, नजोडिएका गल्लीभित्रका बाटोमा ढुङ्गा छपाई र सरसफाइ बेजोड छ । यो सफाइ मजदुर तथा जनताको सहयोगी र सभ्य भावनाको प्रतीक हो, परिणाम हो ।

देश जलाउने र विदेशीले पालेकाहरूलाई पनि त्यस्तै जिताएर पठाए । भारतले सिट्टै सहयोग गरेर सिक्किम कब्जा गरे । अमेरिका र पश्चिमी देशहरूले सित्तैमा सहयोग गरेर जेलेन्स्कीलाई रुससँग भिडाइदै छ । युक्रेनलाई खरानी बनाउँदै छ । बेलायतले भारतलाई उपनिवेश बनाएको सबैले सुन्दै आएको कुरा हो ।

शैक्षिक संस्थाहरूले पनि त्यस्तै सित्तैमा विदेशीको सहयोग लिए । विद्यार्थीलाई समेत सङ्लो पानी पिउन, पिलाउने बहानामा फिल्टरलगायतका सामान सित्तैमा सहयोग गरे । त्यसबापत शैक्षिक संस्थाहरूमा अमेरिकी सैनिकहरूले सैनिक पोशाकमा साङ्गितिक सैनिक परेड गरे । त्यसले देशमाथि अमेरिकी सैनिक हस्तक्षेप भयो भनेर देशभरबाट विरोध भयो । यस्तै सहयोगमा हिमाली क्षेत्रमा सैनिक क्याम्प खडा गर्न अमेरिका दाउ खोज्दै छ भन्ने समाचार बरोबार बाहिरिन्छ । त्यसैले, कसैले सहयोग दिंदा कुनै सर्त राख्नु अघि सोच्नु आवश्यक छ । नत्र भने फसाइन्छ, फसिन्छ । शासक दलका नेताहरू अमेरिकी आदेश र धम्कीका कारण देशले एमसीसी व्यहोर्दै छ । यसरी स्वार्थ लुकेको सहयोगले देशलाई बन्धक, पराधीन र उपनिवेश बनाउनुभन्दा गरिबी र अभाव सृजना गर्छ । भक्तपुरका जनताले आफ्नै पौरख र मेहनतले धरोहरहरू पुनर्निर्माण गरेर उदाहरणीय साबित गरेको छ । त्यस गौरव र स्वाभिमानको चर्चा स्वदेश र विदेशमा हुँदा गर्वको महसुस हुन्छ ।

यो गर्वको अनुभूति हिजो हाम्रा पुर्खाले गरे भने आज भक्तपुर नगरपालिकाले हामीलाई गराएको छ । भक्तपुर नपाले भूकम्पले ध्वस्त पारेका सम्पदा बनाउन जर्मन सरकारले गरेको १ अर्ब २० करोड रूपैयाँ सहयोग अस्वीकार ग¥यो । त्यस्ता सहयोगको पछाडि देशघाती शर्तहरू लुकेको हुन्छ । भक्तपुर नपाले त्यहाँका सम्पदाहरू पुरानै शैलीमा निर्माण गरे । सहयोगमा देशघाती शर्तहरू भए तापनि सरकारले त्यसलाई आँखा चिम्लेर स्वीकार्न दबाब दिए पनि स्थानीय सरकारले त्यसलाई ठाडै अस्वीकार गरे । भक्तपुर नपाले ती सम्पदालाई भक्तपुरकै जनताको साथ र सहयोगमा कम खर्चमा बनाए । नपाको त्यो स्वाभिमान, गौरव, देशभक्ति भावना र विचार सधैँ जाज्वल्यमान रहनेछ । यसले सरकार, दल, नेता र जनतालाई देशको हितमा काम गर्न सधैँ खबरदारी र सचेत गराइरहनेछ ।

अन्तमा, पुर्खाले हिजो जस्तोसुकै गरिबी, अभाव, दुःख र समय भोग्नुपरे तापनि आफ्नै बलबुत्ता, पौरख र मेहनतमा बनाए । २०७२ सालको भूकम्पले ध्वस्त पारेको सम्पदा भक्तपुरवासी र स्थानीय सरकारले बनाए र बनाउँदै छन् । त्यसमा नेपाली जनता र देशलाई गौरव लाग्नु स्वाभाविक हो । यसलाई अरु स्थानीय सरकार, प्रदेश सरकार र केन्द्रीय सरकारले पनि अनुसरण गर्नु आवश्यक छ ।

# नयाँ सरकारले पनि बहुमत जनताको पक्षमा काम गर्न सकेन

✍ वस्तुराज 'शीतल'

दलगत र व्यक्तिगत स्वार्थ पूरा गर्न अघि बढ्ने दलको विकल्प जनताले खोज्नु अस्वाभाविक होइन । विगतमा ठूला राजनीतिक दलका नेता तथा मन्त्रीहरू भागबन्डामा लागेर पद र पैसाको राजनीतिमा हामफालेकै कारण ती दलप्रति जनताको विश्वास गुमेको हो र जनतामा असन्तोष बढेको हो । उनीहरूको अकर्मण्यता, गैरजिम्मेवारी र नेपाल तथा नेपाली जनताको हितविपरीतका सम्झौताका कारण ठूला दलहरू गएको संसदीय निर्वाचनमा नराम्ररी हारेका थिए । यसको फाइदा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा जेनजी आन्दोलनको नेतृत्व गर्ने युवाहरूले उठाए । ठूला दलका नेताहरूका कमी-कमजोरीबाट वाक्कदिक्क भएका जनताले निर्वाचनमा रास्वपालाई रोजे । तर, निर्वाचनमा झन्डै दुईतिहाइ मत प्राप्त गरेको रास्वपामा सङ्गठित र सिद्धान्तनिष्ठ जनशक्ति छैन । रास्वपाले धेरै मत पाउनुका विभिन्न कारणमध्ये विगतको सरकारप्रति जनताको असन्तोष र रास्वपाले चलाएको हल्लाको राजनीति पनि हुन् ।

देश र जनताको सेवामा रास्वपाले राजनीति गरेको इतिहास छैन । निर्वाचित अधिकांश सांसदहरू राजनीतिबाट आएका होइनन् । कतिपय निर्वाचित सांसदहरू पुराना राजनीतिक दलका कार्यकर्ता हुन् । एउटा पार्टी त्यागेर अर्को पार्टीमा लागेका र हल्लैहल्लामा निर्वाचित सांसदहरूले के देश र जनताको सेवा गर्लान् ? देशको बजेट आ-आफ्नो निर्वाचन क्षेत्रमा ल्याउनु ठूलो कुरा होइन । जुनसुकै दलको सरकारले पनि आफ्ना सांसदहरूका निर्वाचन क्षेत्रमा बजेट ल्याउनु आश्चर्यको विषय होइन । बजेटको रकम धेरै वा थोरै हुनु अर्को कुरा हो । सरकारले गर्नुपर्ने महत्त्वपूर्ण काम भ्रष्टाचार अन्त्य गर्नु, भ्रष्टाचारीहरूमाथि कारबाही गर्नु, सरकारी कार्यालयको काम छिटोछरितो गर्नु र कामकाजमा सहजता ल्याउनु हो । घुसबिना काम नगर्ने सरकारी कार्यालय अहिले पनि कति छन् कति !

सरकारको अर्को जिम्मेवारी जनताका आधारभूत आवश्यकता सहज बनाउनु हो । दैनिक उपभोग्य वस्तु जनताको घर आँगनमा पु¥याउने, महँगी नियन्त्रण गर्ने, मूल्यमा एकरूपता कायम गर्ने र गुणस्तरीय सामान उपलब्ध गराउने काममा सरकार जहिल्यै लाग्नुपर्छ । तर, जनतालाई आवश्यक ग्यासको अभाव भएको महिनौं भयो, तैपनि आपूर्ति सहज बनेको छैन । महँगीले सर्वसाधारण जनताको ढाड सेकेको छ । हुँदा खाने जनताको निम्ति सरकारले केही गर्न सकेको छैन । सरकार हुनेखानेहरूका लागि होइन, हुँदा खानेहरूका लागि हो । नयाँ सरकारले पनि देशका सामन्त, जमिनदार, प्रतिक्रियावादी, जालीफटाहा, शोषक र पुँजीपतिहरूको पक्षपोषण गर्छ भने पुरानो र नयाँ सरकारबिच तुलना कसरी गर्ने ? जति जोगी आए पनि कानै चिरेका परे भने नयाँ सरकारले बहुमत जनताको सेवा गर्ला भन्ने विश्वास कसरी गर्ने ?

ग्यास मात्र होइन, रासायनिक मलको पनि अभाव छ । पैसा तिरेर पनि ग्यास र रासायनिक मल नपाउनु विडम्बनाको विषय होइन र ? सरकारी नेता र मन्त्रीहरू के हेरेर बसे ? नयाँ सरकार गठनलगत्तै उच्छृङ्खल गतिविधि तथा हत्या र हिंसाका घटना बढेको देखिन्छ । त्यसमध्ये सरकारको कार्यशैलीको विरोधमा आत्महत्याको सङ्ख्या बढेको छ । यो राम्रो लक्षण होइन । बहुमतको अहङ्कारले मातिएका नेता र मन्त्रीहरूका कारण यो सरकारको पनि विरोध बढ्दै छ । श्रमजीवी जनताको मतबाट निर्वाचित सरकारले श्रमजीवीवर्गकै छातीमा लात मार्ने काम गरेको छ । भ्रष्टाचारीहरूलाई कारबाही गर्ने अठोट गरेको सरकारले अहिलेसम्म कारबाही गरेको छैन । सहकारी ठगहरूमाथि खोइ कारबाही ?

पुरानो सरकारको विरोध गर्ने नयाँ सरकारका नेता र मन्त्रीहरूले विगतको सरकारले देश र जनताको पक्षमा नगरेका काम अहिले गर्नुपर्ने हो । तर, नयाँ सरकारले देश र जनताको पक्षमा कुनै नयाँ काम गरेको छैन । सरकारसँग त्यस्तो एजेन्डा पनि छैन । सरकारी नेता तथा मन्त्रीहरू दूरदर्शी छैनन् । उनीहरू नेपाल र नेपालीको भन्दा विदेश र विदेशीको पक्षपोषण गर्छन् । प्रधानमन्त्रीजस्तो जिम्मेवार व्यक्तिले नेपालले पनि भारतको भूमि मिचेको छ भन्न भ्याए । के यो दरिद्र बुद्धिको दृष्टान्त होइन ? सबै बाढीपीडितलाई राहत पुगेको छ कि छैन ? उनीहरूको स्थायी बसोबासको निम्ति के-कस्तो तयारी भइरहेको छ ? बाढीपीडित विद्यार्थीहरूको पठनपाठन सुचारु भएको छ कि छैन ? बिरामीहरूको औषधोपचार भइरहेको छ कि छैन ? विस्तारवादी र साम्राज्यवादी देशहरूको चलखेलप्रति सरकार संवेदनशील छ कि छैन भन्ने प्रश्न राजनीतिक विश्लेषकहरूले गर्दै छन् ।

भारत र संयुक्त राज्य अमेरिकाले नेपाली भूमिको उपयोग गरेर चीनविरोधी गतिविधि गराइरहेको सरकार सचेत हुनुपर्छ । अमेरिका वा अमेरिकी गैरसरकारी सङ्घ-सङ्गठनकै कारण नेपालमा चीनविरोधी गतिविधि बढेको हो । नेपाली भूमि प्रयोग गरेर विदेशी तत्त्वहरूले फाइदा लिइरहेका छन् । यसमा सरकारको खासै ध्यान गएको देखिँदैन । यसले सरकार विदेशीहरूको इसारामा चलेको छ भन्ने आभास हुन्छ । यसले देशको स्वाधीनता, सार्वभौमसत्ता र अस्तित्वमा असर पु¥याउँछ । यस्तो विदेशी हस्तक्षेपको नेपाल सरकार र नेपाली जनताले विरोध गर्नैपर्छ ।

# ग्राम्सी र अर्गानिक बुद्धिजीवी

योगेन्द्रमान बिजुक्छेँ

*फ्रान्सका मार्क्सवादी सिद्धान्तकार लुइ अल्थ्युसर (Louis Althusser) का अनुसार सामाजिक वा प्राकृतिक संसारमा रहेका कुराहरूलाई हेर्ने र बुझ्ने कुनै व्यक्तिको आफ्नै दृष्टिकोण हुन्छ, भलै त्यो असत्य हुनसक्छ । यस्ता धेरै सामाजिक मान्यताहरू पनि हुन्छन् जसलाई हामी सत्य ठानी निरन्तरता दिइरहन्छौं । यसलाई नै अल्थ्युसरले आइडियोलजी भने । उदाहरणको लागि आज पनि ईश्वरको अस्तित्व र मानिसको दु:ख र शोषणलाई प्राकृतिक मानेर सहजरूपमा स्वीकार्नेहरू पनि छन् । अल्थ्युसरका अनुसार व्यक्तिमा निहित यो दृष्टिकोण एक वा दुई दिनमा निर्माण हुने कुरा होइन । उनको शिक्षा-दीक्षा, सांस्कृतिक परिवेश, धर्म, साथ-सङ्गत आदिको सामूहिक प्रभावको कारणले व्यक्तिको अवचेतन मस्तिष्कमा आइडियोलोजी गडेको हुन्छ जसलाई सजिलै मेट्न वा मेटाउन गाह्रो हुन्छ । मार्क्सवादी दर्शनमा यसलाई भ्रमपूर्ण चेतना (False consciousness) भनिन्छ ।*



'बुद्धिजीवीहरू'को हुन् ? राजनीति, प्रशासन, शिक्षा र समाजका अन्य क्षेत्रमा उनीहरूको भूमिका र दायित्व के हुनुपर्छ भन्नेबारेमा बेलाबखत हामीकहाँ बहस र विवाद हुने गरेका छन् । समाजमा बुद्धिजीवीहरूको चरित्र, भूमिका र आवश्यकताप्रति फरक फरक दृष्टिकोण पाइन्छ । विभिन्न राजनैतिक चिन्तन र दर्शनले पनि बुद्धिजीवीहरूलाई आ-आफ्नै ढङ्गले व्याख्या गरेको देखिन्छ । यस लेखमा इटालियन कम्युनिस्ट पार्टीका संस्थापक तथा मार्क्सवादी चिन्तक एन्टोनियो ग्राम्सीले अर्थ्याएको 'अर्गानिक बुद्धिजीवी' (Organic intellectual) का बारेमा चर्चा गरिएको छ ।

**को थिए ग्राम्सी ?**

पहिलो विश्वयुद्धको समाप्ति र दोस्रो विश्वयुद्ध सुरु हुनुअघिको दुई दशकको अवधिमा हङ्गेरीका जर्ज लुकास (१८८५-१९७१) र इटालीका एन्टोनियो ग्राम्सी (१८९१-१९३७) लाई युरोपका प्रभावशाली मार्क्सवादी चिन्तक र लेखकहरूको रूपमा लिइन्छ । तुरिन विश्वविद्यालयमा अध्ययनरत रहँदा आदर्शवादी दार्शनिक बेनिडेटो कर्च्चबाट (Benedeto Corce) प्रभावित भएका ग्राम्सीले सन् १९१३ मा इटाली सोसियलिस्ट पार्टीसँग आबद्ध भएका थिए भने सन् १९२० मा रुसमा आयोजित कम्युनिस्ट इन्टरनेसनलको दोस्रो महासभामा भाग लिएर फर्की एक वर्षपछि उनले इटालियन कम्युनिस्ट पार्टीको स्थापना गरेका थिए । कारखाना मजदुरहरूलाई सङ्गठित गर्ने कार्यमा सक्रिय हुँदै सन् १९२४ मा इटालियन संसद्को सदस्य रहेका ग्राम्सी सन् १९२६ मा फासिस्ट मुसोलिनीको उदयपश्चात् २० वर्षको कारावासको सजायमा पर्छन् । तर, सजाय अवधि पूरा हुनुअगावै यातना, कठिन जीवन र रोगव्याधिले सन् १९३७ मा उनको मृत्यु जेलभित्रै भएको थियो । यसलाई उनको स्वाभाविक मृत्युभन्दा पनि फासिस्ट सरकारको मन्दविषले उनको हत्या नै गरिएको मानिन्छ । जेल अवधिमा कडा निगरानी भए पनि मार्क्सवादको गहन अध्ययन र चिन्तनमा उनी तल्लीन हुन पुग्छन् । जेलमा लेखेका उनका आलेखहरूको सङ्ग्रह 'जेलका नोटहरू' नामले चिनिन्छ । उनको यस कृतिले मार्क्सवादी साहित्य र दर्शनमा केही नयाँ आयाम थप्न सफल भएको मानिन्छ । ग्राम्सीले प्रतिपादन गरेका विभिन्न सिद्धान्तहरूमध्ये सर्वाधिक चर्चा हुने 'सांस्कृतिक हेजीमोनीको सिद्धान्त' हो । यस सिद्धान्तलाई पछि उत्तर औपनिवेशिक तथा नारीवादी सिद्धान्तमा समेत ग्रहण गरिएको पाइन्छ । यस 'हेजीमोनी सिद्धान्तका' विभिन्न अवयवहरूमध्ये अर्गानिक बुद्धिजीवी एक अवयव हो ।

**के हो हेजीमोनीको सिद्धान्त ?**

हेजीमोनीलाई नेपालीमा आधिपत्य वा हैकम भनेर पनि बुझ्न सकिन्छ । यस अवधारणाबारे अझ प्रस्ट बुझ्न आइडियोलोजी (Ideology) लाई सँगसँगै बुझ्नुपर्ने हुन्छ । आइडियोलोजी राजनैतिक सिद्धान्त र संकथनमा धेरै चर्चा हुने शब्दावली हो । सामान्यत: नेपालीमा बुझ्दा यसलाई हामी विचारधारा भन्छौं । फ्रान्सका मार्क्सवादी सिद्धान्तकार लुइ अल्थ्युसर (Louis Althusser) का अनुसार सामाजिक वा प्राकृतिक संसारमा रहेका कुराहरूलाई हेर्ने र बुझ्ने कुनै व्यक्तिको आफ्नै दृष्टिकोण हुन्छ, भलै त्यो असत्य हुनसक्छ । यस्ता धेरै सामाजिक मान्यताहरू पनि हुन्छन् जसलाई हामी सत्य ठानी निरन्तरता दिइरहन्छौं । यसलाई नै अल्थ्युसरले आइडियोलजी भने । उदाहरणको लागि आज पनि ईश्वरको अस्तित्व र मानिसको दु:ख र शोषणलाई प्राकृतिक मानेर सहजरूपमा स्वीकार्नेहरू पनि छन् । अल्थ्युसरका अनुसार व्यक्तिमा निहित यो दृष्टिकोण एक वा दुई दिनमा निर्माण हुने कुरा होइन । उनको शिक्षा-दीक्षा, सांस्कृतिक परिवेश, धर्म, साथ-सङ्गत आदिको सामूहिक प्रभावको कारणले व्यक्तिको अवचेतन मस्तिष्कमा आइडियोलोजी गडेको हुन्छ जसलाई सजिलै मेट्न वा मेटाउन गाह्रो हुन्छ । मार्क्सवादी दर्शनमा यसलाई भ्रमपूर्ण चेतना (False consciousness) भनिन्छ । सामान्य जनता, शोषित, पीडित, गरीब निमुखादेखि सचेत व्यक्तिहरूसम्म यो भ्रमपूर्ण चेतनामा बाँचेका हुन्छन् र यथास्थितिलाई सत्य, परिवर्तन र क्रान्तिकारी कदमलाई अनावश्यक र वाहियात ठान्छन् । शास्त्रीय मार्क्सवादीहरूका अनुसार यथास्थितिलाई कायम राख्न शासकहरू र उनका पृष्ठपोषकहरूले नियोजित ढङ्गमा यस्तो भ्रमपूर्ण चेतनाको निर्माण गर्छन् । यसको लागि उनीहरूले साहित्य, कला, सञ्चार, धर्म, शिक्षा, कानुन हरेक कुराको माध्यमले यस्तो गरिरहेका हुन्छन् ।

भ्रमपूर्ण चेतना र आइडियोलोजीका कारण सामान्य बहुसङ्ख्यक जनता शोषणलाई प्राकृतिक ठान्छन् । आफ्नो दु:ख र गरिबीलाई आफ्नो भाग्यको कारण मान्छन् र शोषणलाई सहज स्वीकार्छन् । यसरी शासन सत्तामा रहेको वर्ग जसको आकार सानो नै किन नहोस् आम जनतालाई आफ्नो विचार र कुरा लादेर उनीहरूमाथि आफ्नो हैकम र आधिपत्य जनाउन सफल भइरहेका हुन्छन् । बहुसङ्ख्यक निमुखा जनता सत्ताधारीको आधिपत्य र हैकमलाई सहजरूपमा स्वीकार्ने अवस्थालाई नै ग्राम्सीले सांस्कृतिक हेजीमोनी भनेका छन् । ग्राम्सीका अनुसार जनक्रान्तिद्वारा स्थापित समाजवादी र कम्युनिस्ट सत्तालाई दिगो बनाइराख्न यही सांस्कृतिक हेजीमोनी बाधक बन्छ । नयाँ शासन सत्तालाई टिकाइराख्न सैन्यशक्ति वा अन्य आर्थिक आधारहरू मात्रले पर्याप्त हुँदैन । नयाँ वैचारिक र सांस्कृतिक आधारहरू तयार गरी पुरानो आइडियोलोजीलाई विस्थापित गर्नुपर्छ । यही ग्राम्सीको मान्यता रहेको छ ।

**अर्गानिक बुद्धिजीवीको भूमिका**

अङ्ग्रेजी शब्द Organic लाई फरक परिप्रेक्षमा फरक अर्थमा प्रयोग गरेको देखिन्छ । चलन चल्तीमा आज हामी यसलाई जैविक, खानपान र परिकारमा शुद्ध र रासायनिक मलविहीन भने अर्थमा बुझ्दछौं । समाजशास्त्रीय साहित्यमा इमाइल दुर्खिमले समाजको स्वरूपलाई विश्लेषण गर्ने कममा मेकानिकल सोलिड्यारिटी र अर्गानिक सोलिड्यारिटी भन्ने शब्दावलीहरूको प्रयोग गरेको पाइन्छ । दुर्खिमले परम्परागत समाज जहाँ हरेक व्यक्ति र समुदायको सोच, विचार र मान्यतामा, जिम्मेवारी र दायित्वसमेतमा समानता हुन्छ । त्यसलाई उनले मेकानिकल सोलिड्यारिटी र आधुनिक समाज जहाँ श्रम विभाजनको परम्परा स्थापित भई एउटै समूह र समुदायका व्यक्तिहरूमा पनि फरक फरक मत, राय, विचार, आचरण र जिम्मेवारी हुने समाजलाई अर्गानिक सोलिड्यारिटी भनेका छन् । ग्राम्सीले प्रयोग गरेको अर्गानिक शब्द यी प्रसङ्गहरूभन्दा फरक देखिन्छ । एकछिन यसको पृष्ठभूमिलाई मनन गरौं ।

**अर्गानिक बुद्धिजीवीहरू गतिशील हुन्छन् । उनीहरू समाज परिवर्तनका लागि सधैँ चलायमान हुन्छन् । अझ प्रस्ट रूपमा भन्दा नयाँ आइडियोलोजी निर्माण गर्न उनीहरू सधैँ लागिपर्छन् । पुँजीवादी व्यवस्थालाई टिकाउ गर्न उनीहरूले पुँजीवादकै पक्षपोषण गर्ने अर्गानिक बुद्धिजीवीहरू नियोजित रूपमै तयार गर्छन् । उनीहरूको मुख्य कर्म पुँजीवादी व्यवस्था नै अन्तिम सत्य हो । यो भन्दा पर अन्धकार नै अन्धकारमात्र छ भन्ने भ्रम सृजना गर्नु हो । ग्राम्सीको भनाइलाई व्याख्या गर्दा ग्राम्सीका अनुसार कम्युनिस्ट व्यवस्थालाई दिगो र टिकाउ गर्न पुँजीवादीले जस्तै समाजवादका पक्षपोषण गर्ने अर्गानिक बुद्धिजीवीको परिचालन अपरिहार्य छ ।**

समाज परिवर्तनको बारेमा मार्क्सवादी दर्शनको सार हो- आधार (Base or infra-structure) वा आर्थिक आधार वा उत्पादनको प्रणालीमा आउने परिवर्तनले अधिरचना वा उपरीसंरचना (Superstructure) मा स्वत: हुने परिवर्तन हो । यसलाई सरल रूपमा बुझ्दा आधार भनेको जीविकोपार्जनको लागि व्यक्ति र समुदायले गर्ने आर्थिक क्रियाकलाप हो र अधिरचना भन्नाले समाजको अन्य संस्थाहरू जस्तै: धर्म, शिक्षा, कानुन, राजनीति, साहित्य, दर्शन, वर्गीय चेतना, राजनैतिक सत्ता, वर्गीय विभाजन इत्यादि । मार्क्सका अनुसार आदिम समाजबाट दासयुग, दासयुगबाट सामन्ती युग र सामन्ती समाजबाट पुँजीवादी युगमा परिवर्तन हुनुको कारण नै उत्पादन प्रणालीमा भएको परिवर्तन हो । यी प्रत्येक युग र समाजमा आ-आफ्नै खालको अधिरचनाको स्वरूप थियो । यहीँनिर ग्राम्सीले आफ्नो फरक विचार राखे । आधार वा उत्पादन प्रणालीमा आउने परिवर्तनले जसरी अधिरचनामा असर गर्छ । अधिरचनाले पनि आधारमा असर पार्छ । यिनीहरूबिच एकोहोरो होइन दोहोरो सम्बन्ध हुने निष्कर्ष हो ग्राम्सीको । व्यावहारिकरूपमा यसलाई ग्राम्सीले यसरी प्रस्ट पारे- जब मानव समाज सामन्ती प्रणालीबाट पुँजीवादमा प्रवेश गऱ्यो, यहाँ उत्पादन प्रणालीमा परिवर्तन त भयो नै । साथै यस व्यवस्थालाई मजबुत गरी टिकाउन पुँजीवादीका मुख्य सञ्चालक वर्ग बुर्जुवा र यसका सहायकहरूले सोहीअनुसारको नयाँ आइडियोलोजी निर्माण गर्दै अधिरचनालाई पनि मजबुत बनाउँदै लगे र पुँजीवादी व्यवस्थाप्रति आमजनता हेजीमोनाइज्ड हुँदै गए । ग्राम्सीका अनुसार क्रान्तिपश्चात् स्थापना हुने समाजवादी व्यवस्थालाई टिकाउ गर्न सोहीअनुसारको आइडियोलोजी निर्माण गर्नु नै अधिरचनालाई बदल्नु हो । अनि यसको स्वत: असर पनि उत्पादन प्रणालीमा पर्न जान्छ । चरम औद्योगिकीकरण भइसकेको देश बेलायतमा पनि समाजवादी क्रान्ति नहुनुमा यही पुँजीवादी व्यवस्थाको अधिरचनामा बुर्जुवा वर्गले निर्माण गरेको आइडियोलोजी जिम्मेवार रहेको ठहर गर्छन् ग्राम्सी ।

नयाँ आइडियोलोजी निर्माण गरी अधिरचनालाई नयाँ व्यवस्थामैत्री बनाउने कार्यमा बुद्धिजीवीको अहम् भूमिका हुने ग्राम्सीको मत छ । उनका अनुसार समाजमा सबै बुद्धिजीवी हुन्छन् तर सबैले बुद्धिजीवीको भूमिका खेल्दैनन् । समाजमा दुईखाले बुद्धिजीवी हुन्छन्- परम्परागत र अर्गानिक । शिक्षक, प्राध्यापक, चिकित्सक, इन्जिनियर, मेनेजर, लेखक, वकिल, पत्रकार, व्यवस्थापक, वैज्ञानिक, कलाकार तथा कृषि विशेषज्ञ आदि सबै बुद्धिजीवी नै हुन् । आफ्नो विशेषज्ञता भएका कर्मलाई मात्र (जस्तै: शिक्षक र प्राध्यापकले पढाउने र चिकित्सकले बिरामी जाँच्नेमात्र कर्म गरेमा) पुस्तौंदेखि निरन्तरता दिंदै आएका उहाँहरू परम्परागत बुद्धिजीवी भए । तर, अर्गानिक बुद्धिजीवीहरू गतिशील हुन्छन् । उनीहरू समाज परिवर्तनका लागि सधैँ चलायमान हुन्छन् । अझ प्रस्ट रूपमा भन्दा नयाँ आइडियोलोजी निर्माण गर्न उनीहरू सधैँ लागिपर्छन् । पुँजीवादी व्यवस्थालाई टिकाउ गर्न उनीहरूले पुँजीवादकै पक्षपोषण गर्ने अर्गानिक बुद्धिजीवीहरू नियोजित रूपमै तयार गर्छन् । उनीहरूको मुख्य कर्म पुँजीवादी व्यवस्था नै अन्तिम सत्य हो । यो भन्दा पर अन्धकार नै अन्धकारमात्र छ भन्ने भ्रम सृजना गर्नु हो । ग्राम्सीको भनाइलाई व्याख्या गर्दा ग्राम्सीका अनुसार कम्युनिस्ट व्यवस्थालाई दिगो र टिकाउ गर्न पुँजीवादीले जस्तै समाजवादका पक्षपोषण गर्ने अर्गानिक बुद्धिजीवीको परिचालन अपरिहार्य छ । उनीहरूले जनतालाई बुझ्ने भाषामा चित्तबुझ्ने गरी सम्झाउन सक्छन् । वास्तविक अवस्थाका बारेमा निरन्तर जानकारी गराइरहन्छन् । यसले नयाँ व्यवस्थामैत्री आइडियोलोजी निर्माण हुन्छ, जसले अन्तत: कम्युनिस्ट व्यवस्थालाई दिगो बनाउँछ ।

ग्राम्सी भन्छन् , "सशस्त्र युद्धका मैदानमा अक्सर दुश्मनको सर्वाधिक कमजोर मोर्चामा प्रहार गर्ने प्रयास गरिन्छ । त्यस किसिमको रणनीतिबाट भए पनि लडाइँ जितिन्छ भन्ने जीत नै भयो भनिन्छ, रणनीति सफल नै मानिन्छ । तर, बौद्धिक क्षेत्रमा भने यस किसिमको विजय वा रणनीति काम लाग्दैन । बौद्धिक क्षेत्रमा त हामीले दुश्मनको सर्वाधिक मजबुत र मुश्किल मोर्चामा हमला गर्न सक्नुपर्छ । अनि हाम्रो विजय सार्थक एवम् दीगो हुनेछ ।"

**सन्दर्भ सामग्री**

१. Representation of the Intellectuals, Edward W. Said
२. Marx and Marxism, Gregory Claeys
३. The Public Intellectual in India, Romila Thapar
४. सिद्धान्तका कुरा, सञ्जीव उप्रेती
५. A dictionary of Philosophy, Thomas Mautner
६. Ideology and Ideological State apparatus (Notes toward an Investigation, 1970), Louis Althusser
७. Hegemony (1929), Antonio Gramsci
८. लेनिन एक अध्ययन, प्रदीप गिरी

(साभार : मधुपर्क, पूर्णाङ्क ६०७, पुस २०७६)

# फ्रान्समा हिंसा चर्किएपछि राष्ट्रपति म्याक्रोनद्वारा निन्दा



पेरिस, १९ अक्टोबर (एएफपी)। फ्रान्समा जीवनयापनको बढ्दो लागतविरुद्धको प्रदर्शन हिंसात्मक बनेपछि राष्ट्रपति इमानुएल म्याक्रोनले तोडफोड, लुटपाट र आगजनीको निन्दा गर्दै आवश्यक परे प्रदर्शन र्‍यालीमा प्रतिबन्ध लगाउने बताउनुभएको छ। तर, उहाँले आपत्कालीन अवस्था वा कर्फ्यु घोषणा गर्नुभएको छैन।

गृह मन्त्रालयका अनुसार शनिबारको प्रदर्शनका क्रममा करिब दुई हजार चार सय जना पक्राउ परेका छन् भने झन्डै एक हजार प्रहरी तथा सैनिक प्रहरी घाइते भएका छन्। तीमध्ये सात जनाको अवस्था गम्भीर छ। प्रदर्शनका क्रममा नगरपालिकाका भवनमा आगजनी तथा सयौँ व्यवसायमा लुटपाट र तोडफोड भएको छ।

म्याक्रोनले वैध माग राखेर प्रदर्शन गर्ने र हिंसा तथा लुटपाटमा संलग्न हुनेहरूबिच भिन्नता गर्नुपर्ने बताउनुभयो। उहाँले सहरहरूमा अनियन्त्रित हिंसा फैलाउने अपराधी तथा अतिवामपन्थी समूहविरुद्ध कारबाही गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

आइतबार पेरिसमा प्रहरीले प्रदर्शनकारीमाथि अश्रुग्यास र स्तब्ध पार्ने ग्रेनेड प्रहार गरेको थियो। अधिकारीहरूका अनुसार प्रहरीमाथि बोतल र ढुङ्गा प्रहार भएको थियो। राजधानीमा १०८ जना पक्राउ परेका छन् भने रिपब्लिक स्क्वायर आसपास कम्तीमा पाँच पसल लुटिएका छन्। लियोनमा पनि पसल लुट्ने प्रयासका क्रममा झडप भएको छ।

आगामी राष्ट्रपति निर्वाचनको पूर्वसन्ध्यामा भएको हिंसाले राजनीतिक बहससमेत चर्काएको छ। दक्षिणपन्थी नेसनल र्‍याली पार्टीकी नेतृ मरिन ले पेनले घटनाले म्याक्रोनको प्रशासन कमजोर र दिशाहीन भएको देखाएको टिप्पणी गर्नुभएको छ। कट्टर वामपन्थी नेता जिन–लुक मेलेनचोनले पनि अवस्था नियन्त्रणबाहिर जान सक्ने चेतावनी दिनुभएको छ। म्याक्रोनले भने हिंसाको सट्टा बहसमा आधारित निर्वाचन हुनुपर्ने बताउनुभयो।

प्रदर्शनमा मजदुर सङ्गठन, 'यल्लो भेस्ट' आन्दोलनका सहभागी र विद्यार्थी सहभागी भएका थिए। उनीहरूले जीवनयापनको बढ्दो लागत तथा युवाहरूको भविष्यप्रतिको चिन्ता व्यक्त गरेका थिए।

म्याक्रोनले प्रभावित व्यवसायलाई सहयोग गर्ने र सुरक्षा निकायको कारबाहीबारे पारदर्शिता अपनाउने बताउनुभयो। उहाँले गृहमन्त्री लरेन्ट नुनेजलाई विशेषगरी सुरक्षा सूचना सङ्कलन र घटनाको पूर्वानुमानमा देखिएका कमजोरीबाट आवश्यक पाठ सिक्न निर्देशन दिनुभएको छ।

लिमोजिसमा १९ औँ शताब्दीमा निर्मित नगरपालिकाको भवन आगलागीमा नष्ट भएको छ भने लियोनको पर्यटक सूचना कार्यालयमा पनि आगजनी गरिएको छ। सेन्ट–एटिनेमा भिड नियन्त्रणका क्रममा प्रयोग गरिएको ग्रेनेड लागेर १७ वर्षीय किशोरको दाहिने हात उडेको छ। मुलहाउसमा १७ वर्षीया किशोरीले आँखाको दृष्टि गुमाएको अभियोजनकर्ताहरूले बताएका छन्।

# लुला र बोल्सोनारोबिच चुनावी बहस हुँदै

रियो डी जेनेरियो, १९ अक्टोबर (एएफपी)। ब्राजिलमा राष्ट्रपति निर्वाचनको प्रतिस्पर्धा तीव्र भइरहेका बेला वामपन्थी राष्ट्रपति लुइज इनासिओ लुला दा सिल्भा र दक्षिणपन्थी सिनेटर फ्लेभियो बोल्सोनारो आइतबार पहिलो टेलिभिजन बहसमा आमनेसामने हुँदै हुनुहुन्छ। अर्थतन्त्र, भ्रष्टाचार र सुरक्षा प्रमुख चुनावी मुद्दा बनेका छन्।

पूर्वराष्ट्रपति जायर बोल्सोनारोका ४५ वर्षीय छोरा फ्लेभियोले पहिलो चरणको मतदानमा लुलालाई पछि पार्नुभएको थियो। पछिल्ला दुई सर्वेक्षणमा उहाँको अग्रता घटेर ५१ प्रतिशतमा झरेको छ भने लुलाको समर्थन ४९ प्रतिशत देखिएको छ।





बहसअघि दुवै पक्षले देशभर र्‍याली निकालेका छन्। साओ पाउलोमा फ्लेभियोको समर्थनमा भएको र्‍यालीमा करिब ७१ हजार सहभागी भएको साओ पाउलो विश्वविद्यालयका पर्यवेक्षकले बताएका छन्। रियो डी जेनेरियो र राजधानी ब्रासिलियामा लुलाका समर्थकले पनि प्रदर्शन गरेका छन्। गायक केटानो भेलोसोले रियोमा लुलाको समर्थनमा 'लोकतन्त्रका लागि र्‍याली' को नेतृत्व गर्नुभयो।

एक्कासी वर्षीय लुलाले कामदारलाई सातामा दुई दिन तलबसहित बिदा, साना उद्यमीको ऋण मिनाहा, विश्वविद्यालय छात्रवृत्ति र इन्धन कर हटाउने प्रतिबद्धता जनाउनुभएको छ।

बढ्दो सार्वजनिक ऋणका कारण उहाँका खर्चिला योजनाको आलोचना भइरहेको छ। फ्लेभियोले भने अपराध नियन्त्रणलाई प्राथमिकता दिँदै जेलमा रहेका आफ्ना बुबालाई मुक्त गराउने वाचा गर्नुभएको छ।

सन् २०२२ को निर्वाचनपछि विद्रोहको षड्यन्त्र रचेको आरोपमा २७ वर्षको जेल सजाय भोगिरहेका पूर्वराष्ट्रपति जायर बोल्सोनारोप्रति रूढिवादी मतदाताको समर्थन कायम छ। अर्थतन्त्र, भ्रष्टाचार, सामाजिक कल्याण र सुरक्षाका मुद्दाबिच हुन लागेको पहिलो बहसलाई दुवै उम्मेदवारका लागि महत्त्वपूर्ण मानिएको छ।

# क्यानाडाको सैन्य शिविरमा आगलागी, चार सैनिकको मृत्यु

वेनराइट (क्यानाडा), १९ अक्टोबर (एएफपी)। क्यानाडाको अल्बर्टा प्रान्तस्थित सैन्य शिविरमा आगलागी हुँदा चार सैनिकको मृत्यु भएको छ भने दर्जनौँ घाइते भएका छन्। प्रधानमन्त्री मार्क कार्नीले घटनालाई शान्तिकालमा क्यानाडाली सशस्त्र सेनाले सामना गरेका गम्भीर दुर्घटनामध्ये एक बताउनुभएको छ।

शनिबार अपराह्न प्रशिक्षण क्षेत्रमा सुरु भएको आगो तीव्र गतिमा फैलिँदा अभ्यासरत सैनिकहरू प्रभावित भएका थिए। अधिकारीहरूका अनुसार १९ जना गम्भीर घाइते भएका छन्। आगलागीको कारण पत्ता लगाउन कम्तीमा एक महिना लाग्न सक्ने मेजर जनरल वेड रटल्यान्डले बताउनुभयो। प्रारम्भिक निरीक्षणमा ऊर्जा पूर्वाधारमा क्षति पुगेको सङ्केत नदेखिएको र बाह्य हस्तक्षेपको आशङ्का नरहेको उहाँले स्पष्ट पार्नुभयो।

प्रधानमन्त्री कार्नीले घाइतेको उपचारमा सरकारले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ। नेटोको सैन्य समितिका अध्यक्षले मृतकका परिवारप्रति समवेदना व्यक्त गर्नुभएको छ। घटनापछि एडमन्टनस्थित अस्पतालमा घाइतेको चाप बढेको थियो।

आगलागीका कारण अल्बर्टाको अग्रिम मतदानसमेत प्रभावित भएको छ। क्यानाडाबाट अलग हुने विषयमा भविष्यमा जनमतसङ्ग्रह गर्ने प्रक्रिया अघि बढाउने कि नबढाउने भन्ने प्रस्तावमा सोमबार मतदान हुँदैछ। निर्वाचन व्यवस्थापन निकायले वेनराइटस्थित अग्रिम मतदान केन्द्र बन्द गरिएको जनाएको छ।

## विश्व सङ्क्षेप

# चीनको आर्थिक वृद्धिमा चुनौती

पेइचिङ, १९ अक्टोबर (एएफपी)। घरेलु मागमा कमी र विश्वव्यापी ऊर्जा सङ्कटको असरका कारण चीनको आर्थिक वृद्धिदर यस वर्ष सरकारी लक्ष्यभन्दा तल रहने अनुमान गरिएको छ। निर्यातमा वृद्धि भए पनि घरजग्गा क्षेत्रको सङ्कट र उपभोक्ताको कमजोर खर्च गर्ने प्रवृत्तिले अर्थतन्त्रमा दबाब बढाएको छ।

एएफपीले अर्थशास्त्रीहरूबिच गरेको सर्वेक्षणअनुसार जुलाईदेखि सेप्टेम्बरसम्म चीनको अर्थतन्त्र ४.४ प्रतिशतले विस्तार हुने अनुमान छ। दोस्रो त्रैमासिकमा वृद्धिदर ४.३ प्रतिशत थियो। चीनले यस वर्ष ४.५ देखि पाँच प्रतिशतसम्म आर्थिक वृद्धि गर्ने लक्ष्य राखेको छ।

हुटोङ रिसर्चकी अर्थशास्त्री गुओ शानले निर्यातमात्रै अर्थतन्त्रको बलियो पक्ष बनेको बताउनुभएको छ। उहाँका अनुसार घर खरिदमा अनुदान र पूर्वाधार लगानी बढाउने सरकारी उपाय पर्याप्त नहुन सक्छन्। ऊर्जा लागत वृद्धिका कारण अन्तर्राष्ट्रिय मुद्राकोषले पनि चीनको वार्षिक आर्थिक वृद्धिको अनुमान घटाएर ४.५ प्रतिशतमा झारेको छ।

कम्प्युटर, अर्धचालक र कृत्रिम बौद्धिकता (एआई) सम्बन्धी उपकरणको विश्वव्यापी मागले चीनको निर्यात बढाएको छ। तर, बढ्दो व्यापार बचतले अमेरिका र युरोपेली सङ्घ (इयु) सँग तनाव बढाएको छ। चीनले घरेलु उद्योगलाई दिने अनुदानले विदेशी बजारमा अनुचित प्रतिस्पर्धात्मक लाभ दिएको आलोचना पनि हुँदै आएको छ।

अर्थशास्त्रीहरूका अनुसार चीनले निर्माण, घरजग्गा र निर्यातमा निर्भर अर्थतन्त्रलाई घरेलु उपभोगमा आधारित दिगो विकासतर्फ लैजान आवश्यक छ। तर, घरेलु माग कमजोर रहँदा चिनियाँ उत्पादकहरू नयाँ बजार खोज्दै विदेशतर्फ केन्द्रित भइरहेका छन्।

# हर्मुजमा बारुदी सुरुङमा ठोक्किएर तेल ट्याङ्करमा आगलागी

तेहरान, १९ अक्टोबर (एएफपी)। इरानको रिभोलुसनरी गार्ड्सले सोमबार हर्मुज जलडमरुमा एउटा तेल ट्याङ्कर समुद्री बारुदी सुरुङमा ठोक्किएपछि आगलागी भएको जनाएको छ। अमेरिका र इजरायलसँग युद्ध सुरु भएपछि इरानले महत्त्वपूर्ण समुद्री मार्गमा आफ्नो नियन्त्रण कडा बनाइरहेका बेला यो घटना भएको हो।

इरानी सरकारी सञ्चारमाध्यमले गार्ड्सलाई उद्धृत गर्दै ट्याङ्कर समुद्रमा बिछ्याइएको बारुदी सुरुङमा ठोक्किँदा इन्जिन कक्षमा विस्फोट भई आगलागी भएको जनाएको छ। ट्याङ्करले इरानको अनुमति नलिई जलडमरुको दक्षिणी भागमा रहेको निषेधित मार्ग प्रयोग गरेको र आफ्नो स्थान पहिचान तथा नौसञ्चालन प्रणाली बन्द गरेको गार्ड्सको दाबी छ।

फेब्रुअरीको अन्त्यमा अमेरिका र इजरायलसँग युद्ध सुरु भएपछि इरानले हर्मुज जलडमरुमा नियन्त्रण कायम गर्दै जहाजको आवागमनमा प्रतिबन्ध लगाएको छ। सामान्य अवस्थामा विश्वको कुल तेल आपूर्तिको करिब पाँचौँ भाग ओसारपसार हुने यो जलडमरुबाट पार हुन इरानको अनुमति लिनुपर्ने तेहरानको माग छ।

यसअघि पनि गार्ड्सले आइतबार दुईवटा तेल ट्याङ्कर समुद्री बारुदी सुरुङमा ठोक्किएपछि आगलागी भएको जनाएको थियो। गार्ड्सका नौसेना कमान्डर एडमिरल अली ओजमेईले यसै साता आफ्नो नौसञ्चालन प्रणाली निष्क्रिय पार्ने जहाजलाई 'शत्रुतापूर्ण' मानिने चेतावनी दिनुभएको थियो।

हर्मुज जलडमरुमा इरानले लगाएको अवरोधको जवाफमा अमेरिकाले इरानी तेल निर्यात रोक्ने उद्देश्यले नौसैनिक नाकाबन्दी लगाएको छ। यसले विश्वको महत्त्वपूर्ण ऊर्जा आपूर्ति मार्गमा तनाव थप बढाएको छ।

हार्दिक शुभकामना
विजया दशमी, शुभ दीपावली २०८३,
नेपाल संवत् ११४७ तथा छठ पर्वको पावन अवसरमा
सम्पूर्ण ग्राहक महानुभावहरूमा सुख, शान्ति तथा समृद्धिको
कामनासहित हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछ ।
एच.वि.एस. किराना
(मुनंकर्मी किराना पसल)
कमलविनायक–१०, भक्तपुर
फोन नं.: ०१–६६१३९९२

# धर्म र दर्शन

सत्य सुवाल

मानव समाजको विकासक्रममा चेतनाका विभिन्न रूपहरू जन्मिए, जसमध्ये धर्म र दर्शन सबैभन्दा प्रभावशाली वैचारिक अङ्ग हुन् । बाहिरी रूपमा हेर्दा दुवैले जीवन, जगत्, ब्रह्माण्ड र मानव अस्तित्वका आधारभूत प्रश्नहरूको उत्तर खोजेको जस्तो देखिए तापनि यिनीहरूको उत्पत्ति, कार्यपद्धति, वर्गीय चरित्र र सामाजिक भूमिकामा आकाश-जमिनको भिन्नता छ ।

धर्म र दर्शन कुनै अलौकिक वा स्वयम्भू विचार होइनन्; यी समाजको आर्थिक आधार, उत्पादन सम्बन्ध र वर्ग-सङ्घर्षका वैचारिक प्रतिबिम्ब हुन् । जहाँ धर्मले यथास्थिति, श्रद्धा र शोषकवर्गको हितरक्षाका लागि मानिसलाई वास्तविक संसारबाट विमुख बनाउँछ, त्यहाँ वैज्ञानिक दर्शनले वस्तुगत यथार्थको व्याख्या गर्दै संसार बदल्ने क्रान्तिकारी औजारको भूमिका खेल्छ ।

धर्मको उत्पत्ति आदिम समाजमा प्रकृतिका अगाडि मानिसको चरम असहायता र अज्ञानताबाट भएको थियो । जब आदिम मानवले बाढी, पहिरो, चट्याङ, रोग र मृत्युजस्ता प्राकृतिक परिघटनाहरूको वैज्ञानिक कारण बुझ्न सकेन, तब उसले प्रकृतिका अज्ञात शक्तिहरूलाई दैवीकरण गर्दै काल्पनिक ईश्वरको परिकल्पना गर्‍यो । समाजमा निजी सम्पत्तिको उदय र वर्ग विभाजन सुरु भएपछि भने धर्मको सामाजिक रूप पूर्णत: फेरियो; शासक र शोषकवर्गले यसलाई आफ्नो वर्गीय उत्पीडन र शोषणलाई वैधानिकता दिने अचुक हतियार बनाए ।

यसको विपरीत, दर्शनको जन्म श्रम प्रक्रिया, उत्पादन शक्तिहरूको विकास र प्रकृतिका नियमहरूलाई बुझ्ने बौद्धिक जिज्ञासाबाट भयो । दासयुगमा जब शारीरिक श्रम र मानसिक श्रमको विभाजन भयो तब बौद्धिक तप्काले प्रकृति र मानव चिन्तनका नियमहरूलाई व्यवस्थित ढङ्गले बुझ्न थाल्यो । दर्शन सुरुआतदेखि नै अन्धविश्वासको साटो तार्किक चिन्तन, कार्य-कारण सम्बन्ध र ज्ञानको खोजीमा केन्द्रित रह्यो । यद्यपि वर्ग समाजमा आदर्शवादी दर्शनले धर्मकै सेवा गर्‍यो, तर भौतिकवादी दर्शनको अन्तर्निहित स्वभाव सदैव प्रश्न, तर्क र वैज्ञानिक विश्लेषणतर्फ नै उन्मुख रह्यो ।

धर्म र दर्शनबिचको पहिलो आधारभूत भिन्नता ज्ञान आर्जनको विधिमा छ । धर्मको सम्पूर्ण जग 'अन्धविश्वास', 'आस्था' र 'दैवी आदेश' मा अडिएको हुन्छ । धर्मले प्रश्न गर्न निषेध गर्छ; यसले शङ्का वा तर्कलाई पाप, अधर्म वा ईश्वरनिन्दा घोषणा गर्छ । धर्मले निश्चित धर्मग्रन्थहरूलाई 'अपौरुषेय' (ईश्वरीय/अपरिवर्तनीय) मानेर तिनका कुरालाई बिनाप्रमाण स्वीकार गर्न बाध्य पार्छ ।

अर्कोतर्फ, दर्शनको प्राण नै 'सन्देह', 'तर्क' र 'आलोचनात्मक विवेक' हो । कुनै पनि कुरालाई केवल कसैले भन्दैमा वा परम्परागत रूपमा चलिआएकै आधारमा दर्शनले स्वीकार गर्दैन । दर्शनले प्रत्यक्ष अवलोकन, प्रमाण, तर्क र कार्य-कारण सम्बन्धका आधारमा सत्यको परीक्षण गर्छ । द्वन्द्ववादी दर्शनमा कुनै पनि विचार अन्तिम, अपरिवर्तनीय वा पवित्र मानिँदैन; नयाँ तथ्य र प्रमाण भेटिनेबित्तिकै पुरानो मान्यता खारेज वा परिमार्जित हुन्छ । धर्मले मानिसलाई 'आज्ञाकारी दास' बन्न सिकाउँछ भने दर्शनले मानिसलाई 'जिज्ञासु र विवेकशील कर्ता' बनाउँछ ।

धर्मले मानिसको वास्तविक दु:ख, अभाव र पीडाको समाधान भौतिक संसारमा खोज्दैन । यसले मानव जीवनलाई पाप-पुण्य, भाग्य, पूर्वजन्मको कर्म र ईश्वरको लीलाका रूपमा व्याख्या गर्छ । वर्तमान संसारलाई तुच्छ वा क्षणिक माया-जाल भन्दै धर्मले मानिसलाई स्वर्ग, नर्क, मोक्ष वा परलोकजस्ता काल्पनिक संसारको आशा देखाएर वास्तविक जीवनका समस्याहरूबाट पलायन हुन सिकाउँछ ।

कार्ल मार्क्सले धर्मलाई 'उत्पीडित प्राणीको सुस्केरा, निर्दयी संसारको हृदय र चेतनाहीन परिस्थितिको चेतना' भन्दै 'जनताका लागि अफिम' (Opium of the people) भनेका हुन्, जसले मानिसको वर्गीय पीडालाई अस्थायी लठ्याई दिएर क्रान्तिकारी चेतनालाई सुताइदिन्छ ।

आज धर्म र सांस्कृतिक परम्पराका नाममा मानिसहरू यति धेरै आश्रित र अभ्यस्त भइसकेका छन् कि कुनै चाडपर्व वा जात्रामा मानिसलाई माइकिङ गरेर बोलाउनै पर्दैन, न त करकाप नै गर्नुपर्छ । उदाहरणका लागि, गठेमङ्गल, गाईजात्रा वा दशमी आदि पर्वमा विभिन्न मन्दिर जाने परम्परामा मानिसहरू स्वत:स्फूर्त रूपमा घुइँचो लागेर ओइरिन्छन् । बाहिरी रूपमा यो सांस्कृतिक उल्लासजस्तो देखिए तापनि यसको भित्री वैचारिक जग भनेको शताब्दियौँ देखि मानिसको मस्तिष्कमा रोपिएको मनोवैज्ञानिक डर र रूढिवादी संस्कार नै हो ।

वास्तवमा निर्जीव ढुङ्गाको मूर्तिले न कसैलाई आशीर्वाद दिन सक्छ, न त श्राप नै । तर धर्मले मानिसमा यस्तो डर पैदा गरिदिएको छ कियदि पूजापाठ गरिएन वा देवी-देवतालाई भाकल चढाइएन भने परिवारमा अनिष्ट हुन्छ, रोगव्याधि लाग्छ वा धनजनको क्षति हुन्छ । यही अनिष्टको काल्पनिक डरका कारण मानिसहरू परम्परागत रूपमा धर्मप्रति अन्धभक्त बन्न पुगेका हुन् ।

यहाँ प्रश्न उठ्छ– यदि ईश्वर नै यो ब्रह्माण्ड र मानव जातिका सर्जक हुन् र सबै मानिस उनकै सन्तान हुन् भने आफ्नै सन्तानलाई अनिष्ट गर्ने वा श्राप दिने ईश्वर कसरी हुनसक्छ ? यदि प्रकृतिका सम्पूर्ण प्राणी ईश्वरकै सृष्टि हुन् भने आफ्नै एउटा अशक्त प्राणी पशुको गर्दन काटेर रगत बगाउँदा ईश्वर कसरी प्रसन्न हुन्छन् ? ईश्वरले बलि माग्छन् भन्ने मान्यता आफैँमा घोर विरोधाभासपूर्ण छ । बलिप्रथा ईश्वरको माग होइन, बरु प्राचीन कालमा पशुपालक र सामन्ती समाजले धर्मको आडमा आफ्ना स्वार्थ सिद्ध गर्न सुरु गरेको रूढिवादी प्रथा मात्र हो ।

कम्युनिस्ट सिद्धान्त र मार्क्सवादी द्वन्द्वात्मक भौतिकवादले ब्रह्माण्ड र जीवनलाई बुझ्न शुद्ध वैज्ञानिक दृष्टिकोण राख्छ । भौतिकवादका अनुसार 'पदार्थ' प्राथमिक हो र 'चेतना' त्यसको उपज मात्र हो । मानव मस्तिष्क नै चेतना र विचार उत्पन्न गर्ने जैविक अङ्ग हो । त्यसैले, मानिसको मृत्यु भएपछि मस्तिष्कको जैविक प्रक्रिया समाप्त हुन्छ र चेतना पनि स्वत: अन्त हुन्छ ।




यसको विपरीत, धर्मले मानिसलाई भ्रममा पार्न अमर आत्मा, पिण्डदान, स्वर्ग-नर्क, पुनर्जन्म र जटिल मृत्यु संस्कारको परिकल्पना गरेको छ । धर्मले भन्छ, शरीर मर्छ तर आत्मा अमर रहन्छ, अनि मरेको मान्छेको आत्मालाई स्वर्ग पुर्‍याउन, प्रेतबाधाबाट बचाउन वा श्रापबाट जोगिन गरुड पुराण सुन्नुपर्छ, दान-दक्षिणा दिनुपर्छ र भद्दा मृत्यु संस्कार गर्नुपर्छ ।"

मार्क्सवादी/कम्युनिस्ट विश्लेषणअनुसार सम्पूर्ण मृत्यु संस्कार र आत्माका कथाहरू पुरोहितवाद, सामन्तवाद र धर्मका ठेकेदारहरूले मानिसको शोक र डरलाई बेचेर जीवनभर लुट्ने आर्थिक-सामाजिक हतियार मात्र हुन् । मानिस जीवित छँदा उसलाई वर्गीय शोषण र गरिबीमा राख्ने, अनि मरेपछि उसकै आफन्तलाई 'आत्माको शान्ति' र 'पुण्यको नाममा धार्मिक कर्मकाण्डको ऋणमा डुबाउने काम यसै धार्मिक भ्रमबाट भइरहेको छ । कम्युनिस्ट सिद्धान्तले आत्मा र परलोकको काल्पनिक अन्धविश्वासलाई अस्वीकार गर्दै मृत्युलाई प्राकृतिक जैविक अन्त्य मान्छ र मानिसको जीवनलाई यही धर्तीमा सार्थक र मुक्त बनाउन जोड दिन्छ ।

धर्म ऐतिहासिक रूपमा सधैं शासक, सामन्त र पुँजीपतिवर्गको वैचारिक सुरक्षाकवच बनेर उभिएको छ । यसले दासप्रथा, सामन्ती शोषण, जात व्यवस्था र पुँजीवादी एकाधिकारलाई 'ईश्वरीय विधान' वा 'प्राकृतिक नियम' भन्दै औचित्यपूर्ण साबित गर्छ । धर्मले श्रमिक वर्गलाई सिकाउँछ– शासकको आज्ञा मान्नु, शोषणलाई चुपचाप सहनु र विद्रोह नगर्नु नै धर्म हो, जसको बदलामा अर्को जन्म वा परलोकमा सुख पाइनेछ । यसरी धर्मले शोषित वर्गको विद्रोही ऊर्जालाई भुत्ते बनाइदिन्छ ।

यसको ज्वलन्त उदाहरण हाम्रो वर्तमान सामाजिक-राजनीतिक परिवेश र समसामयिक राजनीतिक नेताहरूको व्यवहारमा प्रस्ट देखिन्छ । आज नेपालमा दलाल पुँजीवादले राजनीतिक, आर्थिक र सांस्कृतिक क्षेत्रमा कब्जा जमाएको छ । आफूलाई 'कम्युनिस्ट', 'समाजवादी' वा 'लोकतन्त्रवादी' दाबी गर्ने नेताहरू दलाल पुँजीपतिवर्ग र वैदेशिक प्रतिक्रियावादको सेवामा तल्लीन छन् ।

जनताका वास्तविक समस्याहरू– महँगी, बेरोजगारी, भ्रष्टाचार, राष्ट्रिय स्वाधीनताको सङ्कट तथा शिक्षा र स्वास्थ्यको व्यापारीकरणको समाधान खोज्न वैज्ञानिक द्वन्द्वात्मक भौतिकवाद र क्रान्तिकारी कम्युनिस्ट नीति प्रयोग गर्नुको साटो यी दलाल नेताहरू धार्मिक अन्धविश्वास, पूजापाठ र कर्मकाण्डको शरणमा पुगेका छन् ।

व्यवस्थागत र आर्थिक सङ्कट चुलिँदै जाँदा सत्ता टिकाउन र दलाल पुँजीवादको रक्षा गर्न नेताहरूले 'भैंसी पूजा' गर्ने, धामी-झाँक्री ढोग्ने, मन्दिर र पूजापाठका नाममा राज्यको ढुकुटी खर्चिने र धार्मिक लोकप्रियतावादको सहारा लिने काम गरिरहेका छन् ।

दलाल पुँजीवादी व्यवस्थाले धर्मलाई बजार र व्यापार बनाएको छ । जनतालाई आफ्ना अधिकारका लागि प्रश्न गर्ने र वर्गसङ्घर्षमा उत्रिने चेतनशील नागरिक बन्न नदिई, पूजापाठ, भाग्य, आत्मा र अन्धभक्तिको अफिम खुवाएर अकर्मण्य र आज्ञाकारी बनाउनु नै आजका सत्ताधारी दलाल राजनीतिज्ञहरूको मुख्य रणनीति बनेको छ ।

मार्क्सवादी द्वन्द्वात्मक भौतिकवाद इतिहासमै पहिलोपटक सर्वहारा (श्रमजीवी) वर्गको मुक्तिको विज्ञान बनेर उदाएको छ । मार्क्सले आफ्नो प्रसिद्ध प्रस्थापनामा भनेका छन्, "दार्शनिकहरूले संसारको व्याख्या मात्र गरेका छन्, मुख्य कुरा यसलाई बदल्नु हो ।" मार्क्सवादी दर्शनले समाजका अन्तरविरोधहरूलाई उजागर गर्दै वर्गसङ्घर्ष, क्रान्ति र समाजवादको बाटो देखाउँछ । धर्मले शोषकलाई जोगाउन वर्ग-समन्वय र आत्मसमर्पण सिकाउँछ भने वैज्ञानिक कम्युनिस्ट दर्शनले शोषितहरूलाई सङ्गठित भएर दलाल पुँजीवादी व्यवस्था उल्ट्याउने वैचारिक हतियार दिन्छ ।

दर्शनशास्त्रको इतिहास वास्तवमा धर्म र विज्ञान अर्थात् आदर्शवाद र भौतिकवादबिचको निरन्तर सङ्घर्षको इतिहास हो । जब-जब दर्शनमा अध्यात्म, ईश्वर वा रहस्यवाद हाबी भयो, तब-तब दर्शन धर्मको दासी बन्यो । युरोपको मध्ययुगीन इसाई धर्मशास्त्र वा भारतको उत्तर-वैदिक वेदान्त दर्शन यसका स्पष्ट उदाहरण हुन्, जहाँ दर्शनलाई धर्म र शासकको सेवामा प्रयोग गरियो ।

तर जब दर्शनले प्रकृतिका वस्तुगत नियमहरूलाई समात्यो, यसले धर्मको रहस्यवादी जालोलाई ध्वस्त पारिदियो । प्राचीन भारतमा लोकायत, प्रारम्भिक सङ्ख्य र बौद्ध दर्शनका भौतिकवादी तत्त्वहरूले तथा युरोपमा डेमोक्रिटस, एपिक्युरस, स्पिनोजा र फायरबाख हुँदै मार्क्स-एङ्गेल्सले धर्मका भ्रमहरूलाई वैज्ञानिक रूपमा निरस्त गरे । यसर्थ, धर्म पूर्ण रूपमा जड र बन्द प्रणाली हो, जहाँ विकास हुँदैन; तर वैज्ञानिक दर्शन निरन्तर विकासशील, नयाँ खोजहरूसँगै समृद्ध हुने र मानव चेतनालाई अघि बढाउने गतिशील शक्ति हो ।

धर्म र दर्शनबिचको सैद्धान्तिक, वर्गीय तथा व्यावहारिक भेदलाई प्रस्टसँग संश्लेषण गर्न सकिन्छ: धर्म आस्था, श्रुति र अन्धविश्वासमा निर्भर रहन्छ; दर्शन तर्क, प्रमाण, अनुभव र द्वन्द्ववादी वैज्ञानिक विधिमा आधारित हुन्छ ।

धर्मले सत्यलाई 'अपरिवर्तनीय, निरपेक्ष र ईश्वरीय' मान्छ; दर्शनले सत्यलाई 'गतिशील, वस्तुगत र ऐतिहासिक' मान्छ ।

धर्मले शोषितवर्गलाई काल्पनिक सान्त्वना दिएर तथा दलाल नेताहरूले यसलाई राजनीतिक हतियार बनाएर जनतालाई 'यथास्थितिवादी र निष्क्रिय' बनाउँछन्; वैज्ञानिक कम्युनिस्ट दर्शनले वर्ग चेतना जगाएर जनतालाई 'क्रान्तिकारी र सक्रिय' बनाउँछ ।

आजको राजनीतिमा दलाल नेताहरूले विचार, निष्ठा र वैज्ञानिक दर्शनलाई तिलाञ्जली दिएर धर्म, आत्मा र अन्धविश्वासलाई सत्ता र दलाल पुँजीवाद टिकाउने वैचारिक सुरक्षाकवच बनाएका छन् । तर, मार्क्सवादी सिद्धान्तअनुसार जब समाजबाट वर्ग, निजी सम्पत्ति र मानिसद्वारा मानिसमाथि हुने शोषणको पूर्ण अन्त्य हुनेछ साम्यवादको स्थापना हुनेछ तब मानिसलाई भ्रम र काल्पनिक सहारा दिने 'धर्म' बिस्तारै ओइलाएर समाप्त हुनेछ तर प्रकृतिका नियमहरू र समाजको गतिशील विकासलाई बुझ्ने 'वैज्ञानिक दर्शन' भने अझ उच्च र समृद्ध रूपमा अनन्तकालसम्म जीवित रहनेछ ।






*पुटिनद्वारा...*

यस महिनाको सुरुमा पुटिन र ट्रम्पबिच करिब डेढ घण्टा लामो टेलिफोन वार्ता भएको थियो । रुसी राष्ट्रपतिका सहयोगी युरी उशाकोभका अनुसार कुराकानीमा आर्थिक सहकार्य, ऊर्जा आपूर्ति र अन्तर्राष्ट्रिय विषयमा छलफल भएको थियो । दुवै नेताले प्रत्यक्ष भेटघाटको सम्भावनाबारे पनि चर्चा गरेका थिए ।

ट्रम्पले उक्त वार्तापछि रुसले अमेरिकी तथा विश्व बजारमा तत्काल तीन लाख टनभन्दा बढी डिजेल इन्धन आपूर्ति गर्ने र आगामी महिनाहरूमा थप ढुवानी हुने घोषणा गरेका थिए । उशाकोभले एपेक सम्मेलनमा दुवै नेता सहभागी भए भेटघाटको अवसर मिल्न सक्ने बताएका छन् ।

यसअघि चिनियाँ राष्ट्रपति सीले सेप्टेम्बर २३ देखि २५ सम्म अमेरिकाको राजकीय भ्रमण गर्नुभएको समाचारमा उल्लेख छ । उक्त भ्रमणको क्रममा अमेरिकी राष्ट्रपति ट्रम्पसँग आपसी सम्मानका आधारमा स्पष्ट र गहिरो विचार आदानप्रदान भएको चिनियाँ विदेशमन्त्री वाङ यीले बताउनुभएको जनाइएको छ ।













प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: चक्रबहादुर चाकतु★कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा